

# महिला-मन्थन

नयाँ वर्ष विशेष

मध्यान्ह । ३० चैत २०८०, शुक्रबार । 12 April 2024, Friday

# महिलाले बदलेको समाज



मदनकुमार श्रेष्ठ

> सात दशक अगाडि मंगलादेवी, साधना प्रधान, स्नेहलता श्रेष्ठलगायत केही महिलाले तत्कालीन राणा प्रधानमन्त्री मोहन शमशेरसँग महिलालाई पनि शिक्षा र मतदानको अधिकार मागेकी थिइन् । आज त्यो अभियानको उज्यालोमा देशभित्र मात्रै नभएर संसारभर नेपाली महिला पुगिसकेका छन् भने हरेक क्षेत्रको प्रतिस्पर्धामा अब्बल सावित भइरहेकी छन् ।

अध्यागमन विभागले पहिलोपटक व्यवस्थित विधिमा नेपाल छाड्ने र फर्कनेहरुको तथ्याङ्क सार्वजनिक गऱ्यो । रोजगार, पर्यटन, अध्ययन, स्थायी/अस्थायी बसोबास, सेमिनार, स्वास्थ्य उपचार, व्यापार, भ्रमण, खेलकुद लगायत १७ शीर्षकमा देश छोड्नेहरुको तथ्याङ्क विभागले सार्वजनिक गरेको थियो । त्यसैगरी स्वदेश फर्कनेहरुको विवरण पनि सार्वजनिक गरेको छ । पहिलोपटक व्यवस्थित तरिकाले अध्यागमनले तथ्याङ्क सार्वजनिक गरेकाले तुलनात्मक अध्ययन र विश्लेषण हुन सकेन ।

तर यो तथ्याङ्कबाट आफू अनुकुल समाचार, टिप्पणी र विश्लेषण भइरहेको छ । धेरैले चिन्ता गरेको विषय रोजगारीका निम्ति बाहिरिएका युवाको संख्या र स्थायी बसोबासकै निम्ति देश छोड्नेहरुको तथ्याङ्कप्रति देखियो । एक वर्षभित्र १६ लाखले देश छोड्दा करिव आठ लाख वैदेशिक रोजगारीका निम्ति थियो भने स्थायी रुपमा देश छोड्नेको संख्या ७० हजार थियो ।

तर हामीले उक्त प्रतिवेदनको फरक तथ्याङ्कमा विश्लेषण गरेका छौं । मध्यान्ह राष्ट्रिय दैनिकको नयाँ वर्ष विशेषांक समेत त्यही विषयमा केन्द्रीत छ । हामीले उठाएको विषय हो- नेपाली महिलाहरू संसारभर पुगिरहेका छन् ।

अध्यागमनको त्यस प्रतिवेदन अनुसार १६ लाख मानिस विभिन्न प्रयोजनका निम्ति देशबाहिर निस्कदा महिलाको संख्या ४ लाख ३२ हजार ५८४ छ । यो भनेको २६.९७ प्रतिशत हो । पक्कै पनि देशबाट बाहिर निस्कनेहरुको बारेमा अनेक आयाममा बहस होलान् । बहसबाट सकारात्मक वा नकारात्मक निष्कर्ष निकाल्न सकिएला । तर झण्डै २७ प्रतिशत महिलाले देशबाहिर भ्रमणमा निस्कने तथ्याङ्क आफैमा नेपाली समाजको बदलिएको दृष्य र मनोविज्ञानको बिम्ब हो ।

किनकि नेपाली समाजको पृष्ठभूमि हेर्दा युगौदेखि महिलालाई 'घरभित्रको शोभा' मान्दै आएको थियो । महिलाले चुलोचौकाभित्रै कैद हुनुलाई आदर्श मानियो । अर्थात् पुरुषको अधिन रहेर हुने विभेदलाई संस्कृतिको आवरणमा मर्यादा मानियो । तर त्यसविरुद्ध सय वर्ष लामो संघर्षले आज नेपाली महिलाहरू देशभित्र होस् अथवा संसारका कुनैपनि कुनामा आफूलाई योग्य र सक्षम सावित गरिरहेका छन् । नेपाली महिलाहरुले आजको दृष्यसम्म आइपुग्न निकै ठूलो संघर्ष गर्नु परेको छ । सम्वत् १९७४ सालमा दिव्या कोइरालाले लैंगिक समानताका निम्ति थालेको विद्रोहलाई धेरैले आधुनिक समाजको जग मानेका छन् । त्यसै पेरिफेरि योगमाया न्यौपानेले समानताको आवाज उठाएर विद्रोह गरेकी थिइन् । निरंकुश राणाशाहीको अँध्यारोभित्र महिला समानताको आवाज उठाउनु सजिलो थिएन । तर राणाशाहीविरुद्ध चलेको विद्रोहमा मंगलादेवी, साधना प्रधान, स्नेहलता श्रेष्ठ लगायतले तत्कालीन राणा प्रधानमन्त्री मोहन शमशेरलाई घक्कुडा टेकाउन बाध्य बनाएका थिए । उनीहरुले महिलालाई साक्षरता र मतदानको अधिकार मागेका थिए ।

त्यही आन्दोलनको जगमा देशभित्रै पुरुषसँगै महिलाले पढ्ने अधिकार पाइन् भने मतदानको अधिकार पनि संगसंगै प्राप्त गरिन् । २०१५ सालको पहिलो संसदीय निर्वाचनमा आइपुग्दा द्वारिकादेवी ठकुरानी प्रत्यक्ष निर्वाचित हुने र मन्त्री हुने हैसियतमा पुगिन् ।

पन्चायतकै अवधिमा पनि सानै संख्यामा भएपनि महिला मन्त्री, सांसद र कर्मचारी बन्न सफल भइन् । पन्चायतविरुद्धको विद्रोहलाई साधना प्रधानले वाम मोर्चाकै नेतृत्व गरिन् । उसोत कम्युनिष्ट पार्टीकै संस्थापक मध्ये एक थिइन्, मोतीदेवी श्रेष्ठ । त्यही कम्युनिष्ट शक्तिको नेतृत्व गर्दै साहना २०४७ सालको अन्तरिम सरकारमा मन्त्री भइन् ।

त्यस यता लगातार जसो सरकारमा महिला मन्त्री छन् । २०६२ / ०६३ सालको दोस्रो जनआन्दोलनले नेपाली राजनीति, प्रशासन, न्यायालयमा महिला सहभागिता र नेतृत्व बढेको छ । विशेषगरी २०६३ सालको अन्तरिम संविधान र २०७२ को संविधानले न्यूनतम महिला सहभागिता सहित अंश र वंशको अधिकारलाई सुनिश्चित गरेको छ ।



विद्यादेवी भण्डारी गणतन्त्र नेपालको दोस्रो राष्ट्रपति बन्नु चानचुने परिवर्तन थिएन । किनकि नेपालको इतिहासमा कहिल्यै पनि राष्ट्र प्रमुख महिला थिइनन् । राजतन्त्रमा राजाको शासन चल्ने भएकाले महिला राष्ट्र प्रमुख कल्पना समेत गर्न सकिदैनथ्यो । तर राजनीतिक व्यवस्था परिवर्तनको जगमा विद्या भण्डारी मुलुकको सर्वोच्च पदमा पुगिन् ।

त्यही पेरिफेरि सुशिला कार्की सर्वोच्च अदालतकी प्रधानन्यायाधीश भइन् । ओनसरी घर्तिमगरले व्यवस्थापिका संसदको सभामुख रहेर नेतृत्व गरिन् । केही दिन अगाडि मात्रै ४६ जना न्यायाधीश महिला भेला भएर छलफल गरिन् । न्यायिक निकायमा यति ठूलो संख्यामा न्यायाधीश महिला हुनु र उनीहरुले मुलुकको न्याय क्षेत्रबारे फरक दृष्टिकोणले छलफल थाल्नु बदलिएकै समाजको चित्र हो ।

महिला सिडियो त अहिले समाचारकै विषय बन्न छोडिसकेको छ । महिलाले स्थानीय तहको नेतृत्व गर्दा सफल बनेको नमूना खबर आइरहेका छन् । त्यसको जग लामो राजनीतिक-सामाजिक संघर्ष हो । त्यही संघर्षको प्रतिफल राज्यका हरेक पदाधिकारीमा एक महिला अनिवार्य र समग्रमा ३३ प्रतिशत सहभागिताको सुनिश्चितता संविधानले गरेको छ ।

विशेषगरी उपमेयर र उपाध्यक्षलाई न्यायिक समितिको संयोजक मान्ने संवैधानिक व्यवस्थाले लैंगिक हिंसाविरुद्धको अभियानले गुणात्मक फड्को मारेको छ । निजामति कर्मचारी, शिक्षण, सेना, प्रहरी, बैंकिङ, पत्रकारिता जस्ता हरेक क्षेत्रमा महिला सहभागिता बढिरहेको छ ।


शिक्षामा विभेद लगभग असाध्यै कमजोर बनेर गएको छ । जनगणना २०७८ को प्रतिवेदनले महिला साक्षरता दर ६९.४ प्रतिशत पुगेको देखाउनुमा शिक्षामा विभेद घट्दै गएको प्रमाण हुन् । भलै पुरुषको तहमा साक्षरता दर पुगेको छैन । पुरुषको साक्षरता दर महिला भन्दा ६ प्रतिशतले बढी छ । तर कुल साक्षरता दर ६५.९ प्रतिशत रहेकाले महिला साक्षरता दरलाई प्रगति नै मान्न सकिन्छ ।

यही शिक्षामा आएको परिवर्तनले महिलाले घर छोडेर निर्धक्क र देश छोडेर परदेश गर्न सक्षम बनेको विश्लेषण गलत हुन्न । किनकि विभेदको मूल कारण नै अशिक्षा हो । चेतनाको विकासलाई मुलुकको संवैधानिक-राजनैतिक-सामाजिक परिस्थितिले प्रभाव पार्छ । कुनैपनि किसिमका विभेदलाई कानूनी दण्डको विषय बनाउँना साथ समानताको रथ अगाडि बढ्छ । अहिले बिस्तारै समानताको रथ गुड्न थालेको छ । तर दौडिएको छैन ।

किनभने अहिले पनि मुलुकको प्रमुख कार्यकारी पदमा महिला पुगेको छैन । राणा र राजतन्त्रमा जस्तै गणतन्त्रमा पनि पुरुषदेखि पुरुष प्रधानमन्त्रीको 'म्युजिकल चियर' चलिरहेको छ । अहिलेसम्म एक जना पनि गृहमन्त्री र अर्थमन्त्री महिला बनेकी छैनन् । राजनीतिक सहभागिता ३४ प्रतिशत पुगेको छैन । २०७४ को चुनावबाट आएको प्रतिनिधिसभामा ३३.५३ प्रतिशत महिला सहभागिता थियो, त्यही नै आजसम्मको ठूलो सहभागिता हो । संविधानले बाध्यकारी बनाउँदा पनि आम अभ्यासमा महिलालाई उपप्रमुखसम्म बनाउने भइरहेको छ ।

त्यसैले अझै ठूलो परिवर्तन हुन बाँकी नै छ । तर महिलालाई हेर्ने दृष्टिकोण भने आम रुपमा बदलिएको छ । विश्वविद्यालय अध्ययन गर्ने संख्या, विदेश उड्नेको संख्या, सरकारी सेवामा (सेना, प्रहरी, कर्मचारी) बदलिएको दृष्यले बिस्तारै नेपाली आकाश रंगिन बनिरहेको संकेत हुन्छ । तर समानताको अभियान यतिकै अगाडि बढ्दैन । त्यसका निम्ति बदलिएको समाजको नागरिक बनेर हरेकले हातमा हात मिलाउन जरुरी छ ।

आफ्नो परिवारभित्र विभेदित सोंच राख्न त्याग्नुपर्छ । सार्वजनिक स्थल, निकाय/ कार्यालय र यात्राहरू महिलामैत्री बनाउन जरुरी छ । किनकि परिवर्तनको सोंच हाम्रो सामाजिक जीन्दगीबाट सुरु हुने हो । हरेक नागरिकको चिन्तन बदलिएको छ भने राज्यसत्ता स्थिर (परम्परागत) रहिरहन सम्भव नै छैन ।



# हुमकलाको संघर्षमय निजामती यात्रा



सुवास शर्मा

हुमकलाले निजामती सेवाको दुई वर्षपछि २०६५ मा छोरी जन्माइन् । त्यसपछिका केही वर्ष बच्चा हुर्काउनुपर्दा उनलाई सकस त भयो, तर परिवारको सहयोगले पेशा र परिवारसँगै अघि बढाउन उनलाई सजिलो भयो ।

हुमकला पाण्डे । पछिल्ला केही वर्षयता विभिन्न जिल्लाको प्रमुख जिल्ला अधिकारी भएपछि यो नाम चर्चामा छ । सामान्य जिवनशैली र बोल्ड डिसिजन गर्न सक्ने क्षमताकी हुमकलाको जिवन बाहिरबाट हेर्दा निकै सजिलो देखिन्छ । तर, शाखा अधिकृतबाट निजामति सेवा प्रवेश गरेकी हुमकलाले यहाँसम्म आइपुग्न गरेका संघर्षको फेहरिस्त लामो छ । निजामति सेवामै झण्डै दुइ दशक पुग्न लागेकी हुमकला ४० को दशक मध्यतिर अर्घाखाँचीको छत्रदेव साबिक भगवती गाउँमा जन्मिइन् । परिवारमै पहिलो छोरी र तीन दाजुभाइकी पहिलो बहिनीको आगमनले पाण्डे परिवारमा खुशी छायो । बुबाको सानोतिनो व्यापार र आमाको खेती किसानीसँगै हुर्किइन् हुमकला । खान लाउन त्यति दुख थिएन । परिवारमा शिक्षाको चेतना थियो । गाउँमा पनि छोरीहरू पनि पढ्नुपर्छ भन्ने लहर चलकै थियो । हुमकला गाउँकै विद्यालयमा भर्ना भइन् । आफुले पढ्न नपाए पनि छोरीको पढाइ बिग्रएला कि भन्नेमा हुमकलाकी आमा निकै सचेत थिइन् । कहिले स्कूल छुट्न दिन्थिनन् । आमाको त्यही मिहेनेतले हुमकला प्रथम हुँदै चर्चा पाउन थालिन् । आमाको त्यो योगदानप्रति हुमकला नतमस्तक छिन् । उनी भन्छिन्, 'आमाले आफूले पढ्न नपाए पनि छोरा छोरी पढाउनु पर्छ भन्नेमा सचेत हुनुहुन्थ्यो । मेरो पढाइबारे पनि सधैं ख्याल गर्नुहुन्थ्यो । आमाको त्यो हौसला बर्णन गर्ने शब्द मसँग छैन ।' छोरीहरू विद्यालय पढाउने चलन बढ्दै गए पनि त्यो बेला पढाइ पुरा नहुँदै बिहे गर्ने चलन पनि गाउँघरमा उस्तै थियो । एसएलसी सकेपछि ५० दशक मध्यतिर पुग्दा हुमकलाका दौतरीहरूको पनि धमाधम बिहे हुन थाल्यो । एकाधबाहेक अधिकांशको बिबाह भयो

२०५१ सालमा प्रथम श्रेणीमा एसएलसी पास गरेकी हुमकलालाई भने परिवारले डेढ घण्टा पैद हिड्नुपर्ने टाढाको गुल्मीको क्याम्पसमा आइए पढ्न पठायो । हुमकलाले त्यो समय यसरी सम्झिइन्, 'परिवारले मेरा लागि धेरै सोचे । गुल्मीको सिमाना भएकाले आइए पढ्न चाहिँ गुल्मीमा आउन सजिलो हुन्थ्यो । मलाई पढ्न पठाए । मैले पनि कलेज टप गरेँ ।'

सधैं प्रथम हुन थालेपनि हुमकला र परिवार हौसिँदै गए । काठमाडौंमा भएका उनका दाइले बिए पढ्न काठमाडौं नै ल्याए । काठमाडौं आएपछि निजी विद्यालयमा पढाउँदै महेन्द्ररत्न क्याम्पस ताहाचलमा ब्याचलर गरेकी हुमकला त्यहाँ पनि अब्बल देखिइन् ।

मास्टर्स पढ्न त्रिचन्द्र क्याम्पस भर्ना भएपछि हुमकलाले २०५८ सालमा परिवारको सल्लाहमा गुल्मी मदानेका यमलाल भुषालसँग मागी बिबाह गरिन् । बिबाहसँगै हुमकलाका लागि निजामति सेवा प्रवेशको ढोका खुल्ला भयो । उनका श्रीमान पहिलेदेखि नै निजामति सेवा थिए । श्रीमान मात्रै होइन उनको बिबाह भएको गाउँ नै निजामति सेवामा थियो । अर्थात् गाउँ अधिकांश मानिस निजामति सेवामा थिए । उनका ससुराले पनि बुहारी निजामति सेवामै होस् भन्ने चाहना राखे । श्रीमान त आफ्नै निजामतिमै थिए सँगै नहोस् भनेर सोच्ने कुरै भएन । क्याम्पस पढाउँदै गरेकी हुमकलाका लागि त्यो अवस्था हौसला र दवाब दुइटै भयो । उनी भन्छिन्, 'मास्टर्स सक्नेबित्तिकै २०६० सालमा मेरो छोरा जन्मियो । परिवारले निजामतिमै जाओस् भन्ने चाहना राखेपछि छोरो हुर्काउँदै मैले निजामति पढे । दुख पनि भयो । पारिवारिक सहयोगले सजिलै पनि भयो । २०६३ मा शाखा अधिकृतमा नाम निकालेँ ।'

हुमकलाले निजामति सेवाको दुइ वर्षपछि २०६५ मा छोरी जन्माइन् । त्यसपछिका केही वर्ष बच्चा हुर्काउनुपर्दा उनलाई सकस त भयो तर, परिवारको सहयोगले पेशा र परिवार सँगै अघि बढाउन उनलाई सजिलो भयो । श्रीमान र परिवारको उच्च साथले आन्तरिक बढुवाका लागि पनि भिड्दै अघि बढेकी हुमकला २०७५ साल जेठमा सहसचिव भइन् । सहसचिवमा बढुवा भएको बेला अख्तियार दुरुपयोग अनुसन्धान आयोगको केन्द्रिय कार्यालय टंगालमा थिइन् हुमकला । लगत्तै नेपाल सरकारले अख्तियारको बाग्मति प्रदेशमा कार्यालय हेटौडाको कार्यालय प्रमुख जिम्मेबारी हुमकलाले पाइन् । नेपाली निजामति सेवामा नेतृत्वको अनुभव उनले त्यही जिम्मेबारीबाट बटुलिन् । करियरको टर्निङ पोइन्टका रुपमा आएको त्यो अवस्थालाई हुमकला यसरी ब्याख्या गर्छिन्, 'त्यो पहिलो जिम्मेवारीले कार्यालय प्रमुख हुँदामा अनुभव बटुल्ने मौका पाएँ । त्यसपछि नेपाल सरकारले बिश्वास गर्दै मलाई भक्तपूर जिल्लाको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दियो । कोरोना महामारीको समय त्यो समयमा प्रशासन प्रमुख हुँदा धेरै जिम्मेवारी निभाउनुपर्‍यो । त्यतिबेला क्वारेन्टाइनको सुरुवात नै हामीले गरेका थियौं । कोरोना महामारीले मृत्यु भएकाहरूको रेस्क्युको सरुवात पनि हामीले गरेका हौं । त्यो कार्यकाल निकै सफल भएको महशुस मैले गरेँ ।'

भक्तपूरको सफल कार्यकालले हुमकलालाई काभ्रेको प्रमुख जिल्ला अधिकारीको जिम्मेवारी दिलायो । पछिल्लो स्थानीय तहको निर्वाचन २०७९ ताका काभ्रेको सिडिओ भएकी हुमकलाले निार्वाचन सम्पन्न गराउन महत्वपूर्ण भूमिका खेलिन् । दुइ जिल्लाको सिडिओ हुँदाको काम प्रभावकारी भएपछि सरकारले हुमकलालाई झन विश्वास गर्दै सुरक्षा चुनौती बढी भएको जिल्ला सुनसरीमा खटायो । गत भदौमा धरानमा भएको धार्मिक द्वन्द्व व्यवस्थापन गर्न पनि सफल भएपछि हुमकलाको चर्चा निकै बढ्यो । यतिबेला हुमकला बाग्मति प्रदेशको मुख्यमन्त्री तथा मन्त्रिपरिषदको कार्यालयमा सचिवको जिम्मेवारीमा छिन् ।

पढाइ, करियर र घरपरिवारलाई एकसाथ अघि बढाइरहेकी हुमकलालाई हिम्मत भयो भने कयौं चुनौतीहरू सामना गर्न सकिने बताउँछिन् । नेपालको समाजको चरित्रले महिलकलाई पटपटक परीक्षा भने दिरहनुपर्ने अवस्था रहेको उनको बुझाइ छ ।

'हाम्रो स्कूलिङ नै पित्रिसत्तात्मक छ । महिला नेतृत्वलाई स्वीकार्न असजिलो हुन्छ । किनभने ५० वर्ष पुरुष मात्रै भएको ठाउँ नयाँ महिला देख्दा मानिसलाई असहज हुन्छ नै । यसको परिणम महिलासँग क्षमता हुँदाहुँदै पनि यो समयमा हामी महिलाहरू परीक्षणको क्रममा छौं । तर कतिपयले महिलाहरूले गरेका कामको प्रशंसा गर्नेहरू पनि प्रसश्त छन् ।' उनी भन्छिन्, 'महिलाले घरपरिवार छोराछोरीलाई सम्हाल्दै अघि बढ्दा अवसर पाए पनि म गर्न सक्छु है भनेर पटक पटक पुष्टि गरिरहनुपर्ने बाध्यता छ । एक पटक महिला असफल हुँदा समग्र महिलाप्रतिको अविश्वास पैदा हुन्छ ।' महिलालाई विश्वास गर्न सक्दा गुणात्मक सफलता हुने हुमकलाको बुझाइ छ ।



नव वर्ष २०८१
हार्दिक शुभकामना
नव वर्ष २०८१ सालको उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवम् समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
मोहम्मद जब्बारहीन मीयाँ (मुन्ना)
उपाध्यक्ष
नेपाल मुस्लिम संघ
कोषाध्यक्ष
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
महासमिति सदस्य
नेपाली काँग्रेस
चेयरम्यान तथा
अल-जाफर ईन्टरनेशनल प्रा. लि., परिवार
सामाखुसी-२६, टाउनप्लानिङ, काठमाडौं, नेपाल, फोन: ४३९०२२२

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि र आरोग्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
विमल ढकाल
प्रबन्ध निर्देशक, तथा
खगोल ओभरसिज प्रा. लि.
परिवार
बानेश्वर, काठमाडौं, फोन: ५२४४०४६, ५२४४७४७

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवम् समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
टक बहादुर तामाङ
चेयरम्यान तथा
SAPTAKOSHI HUMAN RESOURCE PVT. LTD.
Tilganga-9, Kathmandu Tel: +977- 01-4583525/4583524
Email: info@saptakoshihr.com

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि र आरोग्यका लागि हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।
वर्ल्डवाइड ह्युमन रिर्सोस नेटवर्किङ प्रा.लि
परिवार
रातोपुल, काठमाडौं, नेपाल

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायु एवम् समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
क्षितिज दुगाना
चेयरम्यान तथा
AL ZAHRA HUMAN RESOURCES CONSULTANCY PRIVATE LIMITED
Bhimsengola, Old Baneshwor-9 Kathmandu, Nepal, Tel: 01-4586369
Email: alzahranepal@gmail.com, Web.: www.alzahrahr.com

शुभकामना
नव वर्ष २०८१ को सुखद अवसरमा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।
प्रेम बहादुर कट्वाल
अध्यक्ष तथा
ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.
परिवार
महाराजगंज, काठमाडौं, फोन: ४७२१६३३

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू एवम् समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
प्रकाश राज बर्तौला
चेयरम्यान तथा
AIMS OVERSEAS PVT LTD
License No.: 1633/080/081
Samakhusi, Ranibarimarga, Kathmandu, Nepal, Tel: 01-4975326 | 4975327
Email: aimsoverseas2023@gmail.com, Web.: www.aimsoverseas.com.np

# महिला व्यवसायी इतिहासदेखि वर्तमानसम्म



रेशम राज पौडेल

महिला व्यवसायी व्यवसायमा मात्रै नभएर राजनीति र समाज सेवामा पनि देखिन्छन् । व्यवसायी स्व. कमला शर्मा संविधान सभा सदस्य र राज्यमन्त्री हुँदै शासकीय व्यवस्थाको माथिल्लो तहमै पुग्ने पहिलो महिला वैदेशिक रोजगार व्यवसायी थिइन् । गल्फ लिंक ओभरसिज प्रा.लि.की सञ्चालिका सीतादेवी देवकोटा पनि नेपाली कांग्रेसको केन्द्रीय सदस्यका रुपमा माथिल्लो हैसियतमा छिन् ।

मुलुकको अन्य क्षेत्रमा जस्तै वैदेशिक रोजगार क्षेत्रमा पनि महिला व्यवसायीहरुको उपस्थिति बाक्लिएको छ। आर्थिक स्रोतहरुमा पुरुष प्राधान्यता रहेको तत्कालीन नेपाली समाजमा अपेक्षितरुपमा जोखिम र तनावको पेशा मानिने वैदेशिक रोजगार व्यवसायमा अघि बढ्नु शुरुवातका दिनमा महिला व्यवसायीहरुका लागि सहज थिएन । तर पुरुष प्रतिस्पर्धीसँग काँधमा काँध जोडेर व्यवसाय गरिरहेका महिला व्यवसायीहरु पेशागतरुपमा अब्बल र निडर हुँदै आएका छन् । नेपाल वैदेशिक रोजगार व्यवसायी संघका प्रथम अध्यक्ष पुष्पलाल महर्जनका अनुसार शिला गुरुङ व्यवसायीले बुझेसम्मका वैधानिकरुपमा नेपालकी पहिलो महिला वैदेशिक रोजगार व्यवसायी हुन् । उनले राजधानीको मैतीदेवीमा एभरेष्ट फरेन इम्प्लोइमेन्ट इन्टरनेशनल मेनपावर प्रा.लि. सञ्चालन गरेकी थिइन् । इजाजत पत्र नं. २ रहेको उक्त म्यानपावर हाल सञ्चालनमा भने छैन । वैधानिकरुपमा नेपालको संस्थागत वैदेशिक रोजगारीको इतिहास ४ दशक पुरानो भइसकेको छ । र, महिला व्यवसायीको उपस्थितिलाई नियाल्ने हो भने उनीहरुको सक्रियतालाई मोटामोटीरुपमा तीन कालखण्डमा वर्गीकरण गर्न सकिन्छ ।

शिला गुरुङ, कमला शर्मा र विष्णुकुमारी गुरुङहरुबाट शुरु महिला वैदेशिक रोजगार व्यवसायीका रुपमा शुरुवाती प्रवेशलाई आधार मान्दा उनीहरलाई पछ्याउँदै व्यवसाय सञ्चालकका रुपमा दुर्गा राणा, पार्वती खड्का, प्रतिमा महर्जन, अम्बिका शर्मा, शुष्मा खत्रीहरुको प्रवेशले यस क्षेत्रमा महिला व्यवसायीहरुलाई अझ उत्साह थप्यो । त्यसपछि अप्रत्यक्षरुपमा वैदेशिक रोजगार क्षेत्रमा नै क्रियाशील सुवर्ण श्रेष्ठ, राधिका कटुवाल, शारदा न्यौपाने, माधुरी पौडेल, गंगाकुमारी पुनहरुको करिब करिब एकै समयमा सञ्चालकका रुपमा प्रवेश भयो । ७० को दशकपछि त यस व्यवसायमा उल्लेख्यरुपमा महिला व्यवसायीको प्रवेश भएको देखिन्छ। होप इन्टरनेशनल प्रा.लि.की सबिना श्रेष्ठ, सुपर्ब फर अल्टिमेट प्रा.लि.की चन्द कमल श्रेष्ठ, अवसर म्यानपावर सर्भिस प्रा.लि.की अन्नपूर्ण राणा, एस एलडी इन्टरनेटशनल प्रा.लि.की सरस्वती गुरुङ, मलकर्निस म्यानपावर प्रा.लि.की हिरादेवी बुढाथोकीलगायत दर्जनौं महिला व्यवसायीलाई दोस्रो पुस्ताका व्यवसायीका रुपमा गणना गर्न सकिन्छ भने बीनर एचआर सोलुसन प्रा.लि.की हेमा गुरुङ, सगरमाथा इन्टरनेशनल इम्प्लोइमेन्ट प्रा.लि.की तेजमाया लिम्बूलगायत थप दर्जनौं महिला व्यवसायी नयाँ पुस्ताका व्यवसायी महिला मानिन्छ ।

सार्वजनिक चर्चामा नआएका भएपनि व्यवसायमा कोरोना भाइरसको संक्रमणपछि नयाँ पुस्ता जोडिएको छ । यसले वैदेशिक रोजगार व्यवसायमा महिला व्यवसायीको संख्यात्मक वृद्धि बढाउँदै लगेको देखिएको छ । पछिल्लोपटक नेपाल वैदेशिक रोजगार व्यवसायी संघसहित अन्य संघसंस्थाले महिला व्यवसायीको हकअधिकार रक्षाका लागि सशक्त भूमिका नखेलेको आरोप लगाउँदै वैदेशिक रोजगार क्षेत्रका महिला व्यवसायीहरुले गल्फ लिंक ओभरसिज प्रा.लि.की सञ्चालक सीतादेवी देवकोटाको अध्यक्षतामा नेपाल वैदेशिक रोजगार महिला व्यवसायी संघ गठन गरे । तत्कालीन अवस्थामा रहेका ८ सय ५४ व्यवसायीहरुमध्ये व्यवसायी महिला संघ स्थापना गर्दा ३२ जना महिला व्यवसायीहरुको सक्रिय उपस्थिति देखिएको थियो ।

महिला व्यवसायी व्यवसायमा मात्रै नभएर राजनीति र समाज सेवामा पनि देखिन्छन् । व्यवसायी स्व. कमला शर्मा संविधान सभा सदस्य र राज्यमन्त्री हुँदै शासकीय व्यवस्थाको माथिल्लो तहमै पुग्ने पहिलो महिला वैदेशिक रोजगार व्यवसायी थिइन् । गल्फ लिंक ओभरसिज प्रा.लि.की सञ्चालिका सीतादेवी देवकोटा पनि नेपाली कांग्रेसको केन्द्रीय सदस्यका रुपमा माथिल्लो हैसियतमा छिन् । पेशागत संगठनको रुपमा २०४९ सालमा स्थापित नेपाल वैदेशिक रोजगार व्यवसायी संघमा माथिल्लो पदमा पुग्ने श्रेय भने शिला गुरुङलाई नै जान्छ । उनी सर्वसम्मतरुपमा संघको उपाध्यक्ष भएकी थिइन् । संघको निर्वाचनमा भने प्रतिस्पर्धाबाट महिला व्यवसायीले हासिल गरेको माथिल्लो पद सचिव हो । व्यवसायी सुवर्ण श्रेष्ठले सचिवमा निर्वाचित भइ इतिहास कायम गरेकी छन् भने संघको कोषाध्यक्षमा जुनसुकै प्यानलबाट आएको भएपनि केही वर्षयता महिला व्यवसायी नै चुनिएको अवस्था छ । सोही हैसियतमा वैदेशिक रोजगार बोर्ड सदस्यमा महिला व्यवसायीको सहज पहुँच पुगेको देखिन्छ । हालसम्म सीता देवकोटा, सुवर्ण श्रेष्ठ, तेजमाया लिम्बू र सरिता घलेले वैदेशिक रोजगार बोर्डमा बोर्ड सदस्यको भूमिका निर्वाह गरिसकेका छन् ।

करिब ४० वर्षअघि वैदेशिक रोजगार ऐन २०४२ जारी भएपछि तत्कालीन अवस्थामा इजाजतपत्रका लागि धरौटीस्वरुप ५० हजार रुपैयाँ राख्नुपर्ने प्रावधान थियो । त्यसको केही वर्षपछि उक्त धरौटीमा दश गुणा वृद्धि गरी पाँच लाख पुऱ्याइयो भने वैदेशिक रोजगार ऐन २०६४ ले ३० लाख नगदै वा ७ लाख नगद र २३ लाख बराबरको बैंक ग्यारेण्टीको प्रावधान राख्यो । त्यसमा न्यूनतम ५० लाखभन्दा बढी



लगानी गरी म्यानपावर कम्पनी सञ्चालन गर्नु ठूलै चुनौतीको काम थियो । वैदेशिक रोजगार व्यवसायमा यात्रा प्रारम्भ गरेका ती साहसिक महिलाको पदचाप पछ्याउँदै हाल सयौं महिला वैदेशिक रोजगार व्यवसायमा प्रवेश गरेका छन् । जबकि अहिले धरौटीमा सैयौं गुणा वृद्धि गरी २ करोड, ४ करोड र ६ करोड पुऱ्याइएको छ ।

केही महिला व्यवसायीले श्रीमान वा परिवारका अन्य सदस्यका लागि पेशा व्यवसाय गर्न इजाजतपत्र ल्याइदिएर सहयोगीको भूमिकामा मात्रै रहेका भएपनि अधिकांश महिला निरन्तर म्यानपावर कम्पनी सञ्चालन गरी अग्रपंक्तिमा रहेर नेतृत्वदायी भूमिकामा देखिएका छन् । यसबाट प्रत्यक्षरुपमा आन्तरिक तथा वैदेशिक रोजगारी सिर्जना भइ राष्ट्रिय अर्थतन्त्रलाई टेवा पुगेको छ भने अर्कोतिर महिला उद्यमशीलतामा उर्जा भरेर नयाँ पुस्ताका लागि व्यावसायिक प्रेरणा मिलिरहेको देखिन्छ । वैदेशिक रोजगार ऐनका कतिपय झन्झटिलो प्रक्रिया, नकारात्मक सामाजिक टिकाटिप्पणी जस्ता कारणले केही महिला व्यवसायी पेशाबाटै पलायन हुने र जोखिमलाई आत्मसात गर्दै व्यवसायमा नयाँ व्यवसायीको संख्या भने हाराहारीमा रहेको महिला व्यवसायी मात्रै नभएर पुरुष वैदेशिक रोजगार व्यवसायीहरु पनि बताउँछन् ।

एउटा म्यानपावर कम्पनी सञ्चालन गर्ने, बीचमा त्यसलाई छोड्ने र पुन: अर्को म्यानपावर कम्पनीमा जोडिने व्यावसायिक प्रवृत्तिका कारणले महिला व्यवसायीको अग्रताको समयबद्ध श्रृंखला निर्माणको कार्य झन्झटिलो मात्रै नभइ कतिपय अवस्थामा जोखिमपूर्ण मानिएको छ ।

वैदेशिक रोजगार विभागको सूचना व्यवस्थापन प्रणाली (फेमिस) र वैदेशिक रोजगार व्यवसायका विभिन्न अग्रज व्यवसायीबाट प्राप्त जानकारीअनुसार हालसम्म वैदेशिक रोजगार व्यवसायमा अल्पकालीन वा दीर्घकालीनरुपमा संलग्न सवा दुई सयभन्दा बढी महिला व्यवसायीको नाम वैदेशिक रोजगार व्यवसायसँग जोडिएको छ । यसले अन्य व्यवसायमा जस्तै वैदेशिक रोजगार क्षेत्रमा महिला व्यवसायीको आगमन र आकर्षण निरन्तर बढेको देखाउँछ ।


## विश्रामपुर गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔं ।

हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

जुल्फकार अलि भुटो, अध्यक्ष
सुधन लामिछाने, प्रमुख प्रशासकीय अधिकृत
प्रियंका देवी, उपाध्यक्ष

विश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
विश्रामपुर, बारा, मधेश प्रदेश, नेपाल



## आठबिसकोट नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔं ।

हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

रवि केसी, प्रमुख
धन कुमारी शाही, उपप्रमुख
मणि राज शाह, प्रमुख प्रशासकीय अधिकृत

आठबिसकोट नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
आठबिसकोट, रुकुम(पश्चिम), कर्णाली प्रदेश, नेपाल



## हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायूको **हार्दिक मंगलमय शुभकामना** व्यक्त गर्दछौं ।

### बलान-बिहुल गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- छतको गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔं ।



खेमचन्द्र यादव, अध्यक्ष



मुसहरु साह, प्रमुख कार्यकारी अधिकृत



रेणु यादव, उपाध्यक्ष

बलान–बिहुल गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
मल्हनियाँ, सप्तरी, मधेश प्रदेश, नेपाल



## बडीमालिका नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
मार्तडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

### बडीमालिका नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- विहानको समयमा खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पुरै सावधानी अपनउने गरी र चुल्हो नजिक एक जना अनिवार्य बस्ने पानि बसालौं ।
- दिउँसो समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- सलाई, लाईटर, मटितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानि २४ सै घण्टा राख्ने बानी बसालौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहि आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- नगरका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- नगरमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यलयको कन्ट्रोलको नम्बर १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पति माथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसंग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्रथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

साथै

नव वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण गाउँबासी आमा बुवा, दाजुभाइ, दिदीबहिनी तथा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको

शुभकामना

व्यक्त गर्दछौं ।

अमर खड्का, नगर प्रमुख
बम बहादुर केसी, प्रमुख कार्यकारी अधिकृत
नन्दा थापा, नगर उप-प्रमुख

तथा बडीमालिका नगरपालिका परिवार

# प्रवेश र पलायन उस्तै

नेपालको संविधानले ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेकै छ । त्यही संविधानले प्रदत्त गरेको अधिकार समान सहभागिता र समावेशिताको वकालत गरिहने सञ्चारमाध्यमले ३३ प्रतिशत महिला सहभागिताको समेत सुनिश्चित गर्न सकेको छैन ।



मनीषा अवस्थी

सञ्चार क्षेत्रमा आवद्ध महिलाहरूको संस्था सञ्चारिका समूहले २०७५ सालमा गरेको अध्ययनले सञ्चार क्षेत्रमा रहेका सबै पत्रकारको २५ प्रतिशत महिलाको सहभागिता रहेको तथ्यांक रहेको छ ।

*नेपालमा गणतन्त्र स्थापनापछिको दशकमा नेपाली पत्रकारिता बजारमा महिलाहरूको उपस्थिति बढ्यो । तर मूलधार भनिने सञ्चारमाध्यमले महिलालाई नेतृत्व दिन सधैं कन्जुस्याइ गरे । पछिल्लो दशकमा एकाध महिलाले मात्रै मूलधार मिडियामा सम्पादक पद पनि स्थायी हुन सकेन । नेपाली सञ्चार उद्योगले सम्पादकमा महिलालाई स्वीकार्न नसकिरहेको विषयमै केन्द्रीत भएर दुई दशकदेखि सक्रिय पत्रकारितामा रहेकी पुनम पौडेलसँग मध्यान्हले गरेको कुराकानी:*

**महिलाहरूलाई नेतृत्वमा पुग्न किन यत्रो सकस ?**

पत्रकारितामा संख्याको मात्रै कुरा नगरौं । महिलाको सहभागिताले धेरै वर्षदेखि छ । तर भएका महिलाहरू कहिले पनि नेतृत्वमा पुग्न सकेका छैनन् । महिलाहरूलाई नेतृत्व अर्थात् सम्पादकीय नेतृत्वमा स्वीकार गर्न नसकेकैको हो । बजारमा भएका केही महिलाहरू निकै क्षमतावान छन् नि त, तर उनीहरूलाई सम्पादक हुन योग्य नै ठानिदैन । यसले गर्दा महिलाहरू नेतृत्वमै पुग्न सकेका छैनन् । छोड त अहिले सन्चारमाध्यमहरू यति धेरै छन् । तर, आफैले चलाएका साना मिडियामा महिलाहरू सीमित भएका छन् । आफैले पोड्कास्ट चलाइरहेका छन् । मूलधारका मिडियामा महिलाहरू मौका नै नदिएपछि बाध्यताबस यस्तो भएको छ ।

**नेपाली पत्रकारितामा महिलाको उपस्थितिबारे तपाईंको बुझाइ के छ ?**

पछिल्लो समय पत्रकारिता महिलाहरू उपस्थिति स्वभाविक ढंगले बढिरहेको देखिन्छ । यसलाई केही मानिसले आकर्षण पनि भनिरहेका छन् । तर पत्रकारितामा मात्रै भन्दा पनि यस क्षेत्रका प्राविधिक र प्रशासनिक क्षेत्रमा पनि आएका महिलाहरूको अवस्थाले संख्यामा केही बृद्धि भएको हो । खास आकर्षण भने छैन । किनभने हामीसँग तथ्यांक नै छैन । तथ्यांक नै नभइकन केलाई आकर्षण भनिएको हो ? यद्यपि पहिलाको भन्दा संख्या बढ्नु भनेको स्वभाविक हो । समय क्रमसँगै सबै क्षेत्रमा जस्तै यो पेशालाई पनि म अघि बढाउछु भनेर महिलाहरू केही अघि आएका हुन् । तर कामगर्दै जाँदा यो पेशाका जोखिम देख्न थालेपछि महिलाहरू पलायन पनि उत्तिकै भइरहेका छन् ।

**पत्रकार महिलाहरू पलायन किन भइरहेका हुन् ?**

बाहिरबाट पत्रकारिता हेर्दा एकदम गज्जब देखिन्छ । यो पेशामा नाम र दाम दुइटै हुन्छ भनेर छिरेका धेरै छन् । तर २४ घण्टा ७ दिन स्ट्याण्डबाइ रहनुपर्ने यो पेशामा दुःख असाध्यै छ । दुःखअनुसारको प्रतिफल छदैछैन ।

अर्को महत्वपूर्ण कुरा महिलाहरूले जहिले पनि घर चलाएर काम पनि गर्नुपर्ने हुन्छ । कार्यालयका सहकर्मीसँग निरन्तर सम्पर्कमा रहनुपर्छ । समाचार स्रोतहरूसँग सम्बन्ध राख्नुपर्‍यो । अधिकांश समाचार स्रोत पनि पुरुष नै छन् । सबैको नेचर राम्रो हुँदैन । अनावश्यक फोनहरू आइरह्यो भने घरमा पनि त्यति राम्रो नमान्न सक्छन् । हाम्रो सामाजिक व्यवस्था नै यस्तै छ । यसलाई चिर्न निकै कठीन छ । त्यसकारण अधिकांश महिलाहरू हौसिएर यो पेशामा आए पनि पलायन हुनुपरेको हो ।

**नेतृत्वमा महिलाहरू आउन के गर्ने ?**

संविधानले नै सबै क्षेत्रमा ३३ प्रतिशत महिलाको सुनिश्चितता गरेको छ । यही कुराको वकालत गर्ने सन्चार क्षेत्रले सबैभन्दा पहिला आफूले लागू गर्नुपर्छ । यसमा मलिाहरू आफैले यो पेशामा लाग्नुभन्दा पहिला आफूलाई तयार गर्नुपर्छ ।

हचुवा पेशामा आयो भने पलायन हुनुपर्ने अवस्था आउँछ । अर्को कुरा सरकारी तहबाट वा नीतिगत रुपमै निश्चित समय पुगेपछि निश्चित मापदण्ड पुरा गरे पनि यो पद दिनैपर्ने भनेर बाध्यकारी नीति बनाउनुपर्छ । यति गर्न सके मात्रै महिलाहरूको सहभागिताको अवस्था सुधार्न सहिन्छ ।



२००७ सालमा प्रजातन्त्रसँगै नेपाली पत्रकारिताको विकासले पनि विस्तारै गति लिएको हो । पत्रकारिताको विकाससँगै नेपाली बजारमा पत्रकारहरूको संख्यामा पनि उल्लेख्य वृद्धि हुँदै आएको छ । तर इतिहास र वर्तमान हेर्दा महिला पत्रकारको संख्या भने एकदमै न्यून छ।

बिभिन्न्न आधिकारिक प्रमाणले वि.सं २००८ साल जेठमा नेपाल महिला संघले प्रकाशित गरेको 'महिला' मासिकबाट नै नेपालको पत्रकारितामा महिलाको उपस्थिति देखिएको हो। त्यसपछि महिला हकअधिकार तथा महिलाका विविध मुद्दामा प्राथमिकताका साथ कलम चलाउन 'अस्मिता' जस्ता पत्रिकाहरूको उपस्थितिले प्रमुख भुमिका निभायोविशेषगरी महिलामाथि हुने दमन र हिंसाका बिरुद्ध कलम चल्ने सो पत्रिका प्रकाशन पश्चात यस क्षेत्रमा महिला पत्रकारको संख्या पनि बढ्दै गयो ।

तर, नेपालमा २०४६ को आन्दोलनसम्म सञ्चार क्षेत्रको संख्यात्मक र गुणात्मक रुपमा उति विकास भएको छैन । यस्तो अवस्थामा पत्रकार महिलाको उपस्थिति बाक्लो हुने त कुरै छैन । मुलुकमा प्रजातन्त्रको बहाली भएसँगै पत्रकारितामा महिलाको सहभागिता क्रमश: बढ्दै गयो । पछिल्लो दशकमा त पत्रकार महिलाको संख्यामा ह्वात्तै वृद्धि भएको छ ।

सञ्चार क्षेत्रमा आवद्ध महिलाहरूको संस्था सञ्चारिका समूहले २०७५ सालमा गरेको अध्ययनले सञ्चार क्षेत्रमा रहेका सबै पत्रकारको २५ प्रतिशत महिलाको सहभागिता रहेको तथ्यांक रहेको छ । यसैगरी नेपाल पत्रकार महासंघको पछिल्लो तथ्यांक अनुसार देशभर कार्यरत पत्रकार महिलाको संख्या २५ सय नाघिसकेको छ । यस मध्ये केही महिलाहरूको पत्रकारिताले मात्रै निरन्तरता पाएको छ ।

अर्थात् निरन्तर सक्रिय पत्रकारिता गर्ने महिलाहरूको संख्या भने औंलामा गन्न सकिने मात्रै छ । यस्तो किन भइरहेको छ त ? अधिकांशले भन्छन्, पारिवारिक कारण देखाएर महिलाहरू आफै पलायन भइरहेका छन् ।' तर, पत्रकार महिलाले पेशालाई निरन्तरता दिन नसक्नुको कारण परिवार मात्रै नभइ असुरक्षा प्रमुख कारण नभएको सञ्चारिका समूहकी अध्यक्ष बिमला तुम्खेवा बताउँछिन् । उनी भन्छिन्, 'यो पेशामा सेक्युरिटी नै छैन । अर्को कुरा पत्रकार महिलालाई हेर्ने दृष्टिकोण पनि बदलिएको छैन । सहजिकरणका लागि एक जना पनि मूलधारको मिडियामा महिला सम्पादक हुन सकेको छैन ।' तुम्खेवाको बुझाइमा मूलधारको पत्रकारिताको नेतृत्वमा महिला नपुग्नुले पनि पत्रकार महिलाका समस्याहरूबारे कसैले ध्यान दिन सक्दैन । नेपालको संविधानले ३३ प्रतिशत महिला सहभागिता सुनिश्चित गरेकै छ । त्यही संविधानले प्रदत्त गरेको अधिकार समान सहभागिता र समावेशिताको वकालत गरिहने सन्चारमाध्यमले ३३ प्रतिशत महिला सहभागिताको समेत सुनिश्चित गर्न सकेको छैन । यसको लागि संविधान प्रदत्त पायको अधिकार कार्यन्वयनमा भएमा नियमनकारी निकाय को ध्यान जान जरुरी भएको जानकार हरूको बुझाइ छ । यसैगरी सन्चार क्षेत्रमा महिला सहभागिता बढाउन पारिश्रमिक ऐन समेत परिवर्तन गर्नुपर्ने पनि कतिपयको बुझाइ छ ।

सन्चारमा सहभागिता बढाउन पत्रकार महिलाहरुको भौतिक र पेशागत सुरक्षा पनि उत्तिकै जरुरी रहेको पत्रकार बबिता बस्नेतको बुझाइ छ । उनी भन्छिन्, 'सन्चारसम्बन्धी हरेक नीति निर्माण तहमै महिलाको प्रतिनिधित्व भएमा महिला सहभागिता र पत्रकारितामा महिलाले भोगेका समस्या समाधान हुन सक्छन् । यसमा ध्यान दिन जरुरी छ ।'

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवम् समृद्धिको
शुभकामना
व्यक्त गर्दछौं ।
धुवराज राई
अध्यक्ष तथा
ग्लोबल वेलफेयर एच आर सोलुसन प्रा. लि.
परिवार
P.O.Box No.:1166, Samakhusi-26, Kathmandu, Tel: 4970357, 4989246
Email: document.globalhr@gmail.com, Web.: www.globalwelfarehr.com

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा
सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
सन्जु गुरुङ
द्वितीय उपाध्यक्ष
नेपाल वैदेशिक रोजगार व्यवसायी संघ
प्रबन्ध निर्देशक तथा
अल करिम ह्युमेन रिसोर्सेस प्रा. लि. परिवार
चक्रपथ, काठमाडौं, फोन नं.: ०१-४५२१०५६, ४५२११०८, ४५२१०६६, ४५२१०७६

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै
नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा
सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
लक्ष्मण पौडेल
सचिव
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एसोसिएशन
प्रबन्ध निर्देशक तथा
त्रिवेणी ओभरसिज कन्सर्न प्रा.लि.
परिवार

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै
नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण
नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य,
दिर्घायु एवम् समृद्धिको
शुभकामना
व्यक्त गर्दछौं ।
डा. इश्वर जि.सी.
प्रबन्ध निर्देशक, तथा
अक्सफोर्ड इन्टरनेशनल प्रा. लि.
परिवार
जावलाखेल चोक, (नेशनल क्यान्सर अस्पताल पछाडी), ललितपुर, नेपाल
फोन: ०१-५५५५५३१, ५५५५६८३, ५५५५९८३

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण स्वदेश तथा
विदेशमा रहनु हुने सम्पूर्ण
नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य,
दीर्घायू एवम् समृद्धिको
शुभकामना
व्यक्त गर्दछौं ।
बासुदेव श्रेष्ठ
प्रबन्ध निर्देशक तथा
भूमिपुत्र फरेन इम्प्लोइमेन्ट सर्भिस प्रा.लि., परिवार
टुकुचा चोक-२, मैतीधारा, काठमाडौं । Tel: 01-5917711, 01-5917811

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा
सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
सञ्चालकहरु
बाबुराम खड्का शरदराज वैद्य
प्रदिप शंकर लक्ष्मी प्रजापति
सुप्रिम ओभरसिज प्रा.लि. परिवार
कोटेश्वर, काठमाडौं, फोन नं: ०१-४६००७१६

# हार्दिक शुभकामना

**नव वर्ष २०८१** को सुखद अवसरमा सम्पूर्ण नगरबासी आमा बुवा, दाजुभाइ, दिदीबहिनी तथा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको **शुभकामना** व्यक्त गर्दछौं ।

## हावाहुरीको मौसममा आगलागीबाट जोगिन नगरबासीलाई अपिल

- विहान ९ बजेसम्म खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पुरै सावधानी अपनउने गरी र चुल्हो नजिक एक जना अनिवार्य बस्ने पानि बसालौ ।
- दिउँसो समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- घर नजिक थ्रेसर सञ्चालन नगरी घरदेखि टाढा चौर वा खेतमा सञ्चालन गने गरौं ।
- सलाई, लाईटर, मटितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक वाल्टीन वा अन्य भाडोमा पानि २४ सै घण्टा राख्ने बानी बसालौं ।
- गुहालीमा घुर बाल्दा सावधानी अपनाउने गरौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौ जसले गर्दा कहि आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- घर तथा गुहालीमा लगाइएको टाटी राम्रोसँग माटोले दुवैतर्फ लिपपोट गर्ने गरौ ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा पविारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने वानी बसालौ ।
- गाउँमा बारुणयन्त्र आउने जाने बाटो खुल्ला राखौ र वारुणयन्त्रलाई पोखरीबाट पानि भर्न र आगलागी नियन्त्रण गर्ने कार्यमा सहयोग गरौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने वानी बसालौ ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुदैन भनेर सचेत गराउने गरौ ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यलयको कन्टोलको नम्बर १०० नम्वरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पति माथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसंग सहकार्य गरौ र जनधनको क्षति हुनवाट बचौ र वचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै वाल्टिन, जग, बेल्चा, गैती, डोरी, स्ट्रचर, प्रथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।



**उपेन्द्र प्रसाद यादव**
प्रमुख



**बिजय प्रसाद कुशवाहा**
नि. प्रमुख प्रशासकीय अधिकृत



**तारा देवी कानु**
उपप्रमुख

**महागढीमाई नगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय**
**बरियारपुर, बारा, मधेश प्रदेश, नेपाल**

# पहिलो भिक्षुणी गौतमी





डा. उद्धव पुरी

बोधगया बस्दा बेलाबेला कपिलवस्तु आवत जावत गर्ने गौतम बुद्धलाई सानीमा र श्रीमतीले भिक्षु जीवन त्यागेर राजकाज पर्काउन धेरै प्रयास गरे । नसकेपछि आफूहरुलाई पनि भिक्षुणी बनाएर लैजान अनुरोध गरे, तर महिला भिक्षुणी बन्ने अनुमति नै बुद्धले दिएनन् ।

सिद्धार्थ गौतमले बुद्धत्व प्राप्त गरेपछि लामो समयसम्म भिक्षुणी बनाउने र भिक्षुणी संघको व्यवस्थाको परम्परा थिएन । पुरुषहरू नै बुद्धका अनुयायी भएका थिए । बुद्धका दाजुभाइ लगायत उनको शिक्षाबाट अनुग्रहित सबै भिक्षु भएका थिए । उनी आफ्नो गृहस्थ जीवन त्यागेर अनागरिक भई भिक्षु संघमा सामेल भई विहारमा बस्न थालेका थिए । तत्कालीन सामाजिक परिवेश र महिलाहरू पुरुष प्रति आत्मनिर्भर हुने प्रचलनले पनि स्त्रीजातिलाई भिक्षुणी हुन नदिन भूमिका निर्वाह गरेको हुन सक्छ ।

तर यी सबै परिबन्ध र व्यवधानलाई पार गर्दै ठूलो त्याग गरी गौतमी पहिलो भिक्षुणी बनिन् । उनी हालको नेपालको देवदहमा जन्मेकी राजकुमारी थिइन् । उनको बिवाह हालको नेपालको कपिलवस्तुका राजा शुद्धोदनसँग भएको थियो । उनी शुद्धोदनकी कान्छी वा दोस्रो श्रीमती थिइन् । प्रचलित भाषामा उनी बुद्धको सानीआमा पनि थिइन् । उनै प्रजापति गौतमी बुद्ध शासनमा पहिलो भिक्षुणी बनिन् । गौतम सिद्धार्थको जन्म आजभन्दा भण्डै २६ सय वर्षअगाडि लुम्बिनीमा भएको थियो । जन्मेको सात दिनमै माता परलोक भएपछि उनै सानीआमा प्रजापति गौतमीको ममतामै सिद्धार्थ हुर्के । सानीआमा गौतमीको पालपोषणसँगै कपिलबस्तु गणराज्यको तिलौराकोटमा हुर्केका सिद्धार्थले बिवाह र पुत्र लाभपछि दरबार र आलशी जीवन त्यागेर बोधगयामा पुगेर बुद्धत्व प्राप्त गरेका थिए ।

बोधगया बस्दा बेलामबेला कपिलबस्तु आवत जावत गर्ने गौतम बुद्ध सानीमा र श्रीमतीले भिक्षु जीवन त्यागेर राजकाज पर्काउन धेरै प्रयास गरे । नसकेपछि आफूहरुलाई पनि भिक्षुणी बनाएर लैजान अनुरोध गरे तर, महिला भिक्षुणी बन्ने अनुमती नै बुद्धले दिएनन् । जब राजा शुद्दोधनको देहावसन भयो । त्यसपछि प्रजापति गौतमी एक्लो बनिन् । पति बियोग हुंदा प्रजापति गौतमीको उमेर असीको थियो । बृद्धावस्थामा एक्लिएकी प्रजापतिले बुद्धकै शरणमा बांकी जीवन बिताउने अठोट गरिन् । उनले बुद्धसँग अन्तिम याचना गर्ने सोच बनाइन् । बैशालीमा रहेका बुद्ध भेट्न कपिलबस्तुमा भएकी प्रजापतिले आफैले केश क्षौर गराइन् र कषाय–वस्त्र धारण गरिन् । उनले बैशाली जाने र बुद्धको शरणमा परेर आफू भिक्षणी बन्ने ढिपीनै कसिन् । तत्कालिन दरबारले पनि उनलाई रोक्न सकेन । दरबारले पालकी सहित बाटोमा खानपान र सुरक्षाको बेवास्ता गर्दै प्रजपतिले खाली खुट्टा बैशालीको यात्रा तय गरिन् । मुमा महारानीको पछि कपिलवस्तुका पांचसय जति महिलाहरूपनि घर र परिवार छोडी उनकै पछि लागे । लामो यात्रापछि बुद्ध बसेको बिहार बैशाली पुग्दा उनका खुट्टा सुन्निएका थिए । बुद्धको स्वीकृति बिनानै कषाय–वस्त्र धारण गरेकी बृद्ध प्रजापति बुद्धको ढोका अगाडि पुग्दा निकै डराइन् ।

गौतमीको पहिलो भेट भतिजो पर्ने भिक्षु आनन्दसँग भयो । आफ्नी ठूलीआमा समेत पर्ने प्रजापतिको यो हालत देखेर आनन्द आश्चार्यमा पर्दै दु:खीत भए । आनन्द र प्रजापति बीच लामो सम्वादपछि आनन्दले बुद्धसँग स्त्रीजातिको लागि पनि प्रवज्याको अनुमति माग्ने बचन दिए । तर पटक पटक आनन्दले अनुरोध गर्दा पनि बुद्धले अनुमति दिएनन् । पटक पटक अनुरोध अस्वीकार गरेका बुद्धले लामो सम्बादपछि प्रजापतिले आठ–गुरु–धर्म स्वीकार गर्छिन् भने अनुमति दिने बताए ।

प्रजापतिले बुद्धका बचन स्वीकार गरिन् र आनन्दले बुद्धलाई सोको जानकारी गराए पछि बुद्धको अनुमतिमा उनी अनागरिक भई प्रब्रजित भई भिक्षुणी बनिन् । उनको साथमा आएका अरुले पनि त्यसै गरे । तिनै प्रजापति त्यसपछि चालीस बर्षसम्म भिक्षुणी बनिन् र एकसय बीस बर्षको उमेरमा आफैले परिनिर्वाण हुने घोषणा गरिन् । बुद्धको अनुमतिमा उनी परिनिर्वाण भइन् । उनको शबयात्रामा छोरा बुद्ध आफै पनि सामेल भए । यो शबयात्रा बुद्धको महापरिनिर्वाण पछिको सबैभन्दा ठूलो संख्यामा सहभागी भएको शबयात्रा थियो भनी बुद्धगाथाहरूमा उल्लेख छन् ।

यहा प्रजापति कसरी प्रथम भिक्षुणी भइन् भन्ने कुरा पनि उठ्न सक्छ । किनभने उनकै साथमा अरु पांच सय महिला पनि कपिलवस्तुबाट गएका थिए भने उता भारतीय राज्यका बिभिन्न स्थानका महिलाहरूपनि बुद्धको अनुयायी बनिरहेका थिए । तर बुद्धले भिक्षुणी बन्ने अनुमति नदिएको हुंदा उनीहरूभिक्षुहरूभैंm चिवर लगाउन पाउदैन थिए । घर परिवार त्यागेर बिहारमा बस्न पाउदैन थिए । उनीहरू अनागरिक बन्न सकेका थिएनन् । स्त्रीजातिलाई भिक्षुणी बन्ने र बनाउने सुरुवातकर्ता प्रजापति थिइन् । स्त्रीहरुका लागि बुद्धले प्रतिपादन गरेको आठ गुरु धर्म पालना गर्ने पहिलो महिला उनै थिइन् ।

नयाँ वर्ष २०८१ को शुभकामना
नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण स्वास्थ्य व्यवसायी तथा स्वदेश एवम् विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवम् समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कैलाश खड्का
अध्यक्ष तथा
नेपाल स्वास्थ्य व्यवसायी महासंघ
परिवार

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायू एवम् समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
कुमुद खनाल
अध्यक्ष
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
नयांबानेश्वर, काठमाडौं, फोन न. ०१–४५६६४२८, ईमेल: ndfeefforum@gmail.com

नयाँ वर्ष २०८१ को शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवम् समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
चोलाकान्त पंगेनी
सभापति, तथा
नेपाली कांग्रेस जनसम्पर्क समिति, मलेसिया
एवं
पंगेनी ह्युमन रिसोर्स प्रा. लि.
परिवार
सामाखुसी, काठमाडौं, नेपाल, फोन: ०१-४३८६६००, ४३८६२०४

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु समृद्धिको शुभकामना व्यक्त गर्दछौं ।
नबराज के. सी.
अध्यक्ष, तथा
प्याराडाइज इण्टरनेशनल प्रा. लि.
परिवार
बखुन्डोल, ललितपुर, फोन: ५५३४०४२, ५५२००६३

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू एवम् समृद्धिको हार्दिक शुभकामना व्यक्त गर्दछौं ।
रघु पुरी
अध्यक्ष, तथा
दि रिभर ओभरसिज प्रा. लि.
परिवार
बतिसपुतली (होटल द्वारिकाजको पछाडी, गौशाला, काठमाडौं, फोन: ४४६२४३१

# अनुकरणीय उपस्थिति





विमला ढकाल

नियमित संसदीय गतिविधिमा भाग लिने र सामान्य लाग्ने, तर दैनिक जीवनयापनका विषय उठाउने माननीय रमा कोइराला पौड्यालको प्रवृत्तिको सिको अन्य सांसदहरुले पनि गर्न थालेका छन् । ठूला कुरा गरेर भन्दा जनताका आवाज उठाएरै स्थापित हुन सकिने उनको विश्वास छ ।

नेपाली कांग्रेसकी सांसद रमा कोइराला पौड्याल प्रतिनिधिसभाको शून्य समय छुटाउँदिनन् । उनी भन्छिन्, 'ठूलो पार्टी भएकाले अन्य समय पाउन पर्खिनुपर्छ । शून्य समय सांसदको समय हो । आफ्नो समय छोड्ने कुरै भएन ।' ४ मंसिर २०७९ मा सम्पन्न निर्वाचनपछि समानुपातिक प्रणालीतर्फबाट माननीय भएकी कोइराला प्रतिनिधिसभाको तीन वटा अधिवेशन चलिरहँदा जम्मा तीन वटा बैठकमा अनुपस्थित रहेको बताउँछिन् । 'आमाको मृत्यु भएकाले प्रतिनिधि सभाको अन्तिमतिर तीन वटा बैठकमा उपस्थित हुन सकिंन । बाँकी प्रतिनिधि सभाका सबै बैठकमा उपस्थित भएकी छु र प्रत्येक बैठकको शून्य समयमा बोलेकी छु ।'

शून्य समय वा अन्य समयमा उठाएका विषय कार्यान्वयनमा चासो राख्ने पनि सांसद पौड्यालको स्वभाव छ । सांसद कोइराला भन्छिन्, 'बोलेका कुरा जनताले पूरा भएको पनि देख्न पाउनुपर्छ भन्ने लाग्छ । यसनिम्ति लबिइङ पनि गर्छु ।' सामान्य विषय उठाउने र कार्यान्वयनमा चासो राख्ने गर्दा उठाएका अधिकांश विषय सम्बोधन हुन पुगेको उनको अनुभव छ ।

पहिलो पटक सांसद भएकी र संसदीय अभ्यासमा रमाइरहेकी रमा पहिलो दिन संसदा बोल्दा केही अप्ठ्यारो लागेको सुनाउँछिन् । तर पहिलो दिन नै उठाएको विषय, त्यसले पाएको प्रतिक्रिया र प्रभावले उनलाई अगाडि बढ्न हौसला प्रदान गरिरहेको छ । २१ माघ २०८० मा पहिलो पटक संसदको शून्य समयमा बोलेकी उनले तीन विषय उठाएकी थिइन् ।

**पहिलो**– श्रमिकको न्यूनतम ज्याला बढाउनुपर्ने,

**दोस्रो**– भक्तपुरवासीलाई मेलम्चीको पानी खुवाउनुपर्ने,

**तेस्रो**– संसदमा शिशु स्याहार केन्द्रको व्यवस्था मिलाउनुपर्ने ।

तीन वटै विषय सम्बोधन भएको सांसद पौड्याल बताउँछिन् । संसदमा शिशु स्याहार केन्द्रको व्यवस्था मिलाउनुपर्ने विषयले उनी त्यस दिनका सन्चार माध्यमहरूमा छाइन् । हाल संसद भवनमा बच्च भएका महिलाका लागि स्तनपान कक्ष निर्माण भएको छ । भक्तपुरवासीलाई मेलम्चीको पानी खुवाउनुपर्ने भनी उठाएको विषय पनि डिपिआर गरेर काम सुरु भएको छ । मेलम्चीका पानी दिने भनेर यसका लागि पनि काम सुरु भएको छ ।

श्रमिकको न्यूनतम ज्याला बढाउनुपर्ने विषय पनि सम्बोधन भएको छ । सरकारले चालु आर्थिक वर्षको बजेटमा न्यूनतम ज्याला १५ हजारबाट १७ हजार पुऱ्याएको छ । आफूले उठाएका विषयहरु सम्बोधन हुँदा उनी खुसी छन् । भन्छिन्, 'थोरै बोलेर पनि धेरै प्रभाव पार्न सकिन रहेछ भन्ने भयो ।'

हाल भक्तपुरको विषय उनी संसदमा निरन्तरजसो उठाउँछिन् । भक्तपुरमा स्मार्ट सिटीले पार्न सक्ने प्रभाव, भक्तपुर क्षेत्रका सडक लगायत कार्यमा उनको आवाज निरन्तरजसो उठाइरहेकी हुन्छिन् । नियमित संसदीय गतिविधिमा भाग लिने र सामान्य लाग्ने तर, दैनिक जीवनयापनका विषय उठाउने माननीय पौड्यालको प्रवृतिको सिको अन्य सांसदहरुले पनि गर्न थालेका छन् । ठूला कुरा गरेर भन्दा जनताका आवाज उठाएरै स्थापित हुन सकिने उनको विश्वास छ ।

भक्तपुरको ज्यादा कुरा उठाउने गरेता पनि उनी भक्तपुरमै जन्मे हुर्केकी होइनन् । भोजपुरमा जन्मिएकी कोइराला विवाह गरेर संखुवासभा पुगिन् । कामको सिलसिलामा २०४३ सालदेखि २०६२ सालसम्म सुनसरीमा बसिन् । सुनसरीको साझा बालिका उच्च माविमा १९ वर्ष लेखापाल काम गरेकी उनी २०४७ सालदेखि नेपाली कांग्रेसको ट्रेड युनियनमा आवद्ध भइन् ।

२०४७ सालदेखि राजनीतिमा होलटाइमर रहेता पनि उनी पहिलो पटक मानीय भएकी हुन् । २०७० सालमा समानुपातिक सूचीमा परे पनि सांसद हुन सकिनन् । आठ वर्षदेखि भक्तपुरको दधिकोटमा स्थायी बसोबास गर्दै आएकी उनी २०७९ सालको चुनावमा समानुपातिक कोटाबाट भक्तपुरको प्रतिनिधित्व गर्दै सांसद भइन् ।

भक्तपुरबाट संसद भवन नयाँ बानेश्वर आउँदा सार्वजनिक यातायात चढ्छिन् । 'नियमित सार्वजनिक यातायात चढ्दा जनताका कुरा सुनिन्छ । आफ्नै निर्वाचन क्षेत्रका र घर आसपासका मानिससँग नियमित कुराकानी भइराख्छ' उनी संसदमा नियमित उठाउने विषय कसरी संकलन गर्ने भन्ने प्रश्नमा जवाफ दिन्छिन् । आवस क्षेत्रका नागरिकसँग समेत नियमित संवाद गरिरहेका कोइरालाले संसदमा वैदेशिक रोजगारी, वृद्धवृद्धाको संरक्षण, पारिवारिक विखण्डनका कारण र समाधानका उपायका विषयहरू उठाइरहन्छिन् ।

तर एक्लो प्रयासले समग्र नतिजा प्राप्त नहुने उनको बुझाइ छ । उनी भन्छिन्, 'म एउटा श्रमिक महिला संसदमा पुगेको छु । पहिले संसद बाहिर जति सक्रिय थिएँ, त्यति नै सक्रिय संसदमा छु । व्यक्तिगत पहल र त्यसको प्रभावले खुसी तुल्याउँछ । तर, कानुन निर्माणका दृष्टिमा भने सरकारबाटै कियरलेस हुँदा समग्रतामा रिजल्ट दिन सकिएन झैं लाग्छ ।'



'म एउटा श्रमिक महिला संसदमा पुगेको छु । पहिले संसद बाहिर जति सक्रिय थिएँ, त्यति नै सक्रिय संसदमा छु । व्यक्तिगत पहल र त्यसको प्रभावले खुसी तुल्याउँछ । तर कानून निर्माणका दृष्टिमा भने सरकारबाटै कियरलेस हुँदा समग्रतामा रिजल्ट दिन सकिएन झैं लाग्छ ।'

**रमा कोइराला**
सांसद, नेपाली कांग्रेस

हार्दिक शुभकामना

नयाँ वर्ष २०८१ को सुखद अवसरमा हाम्रा सम्पूर्ण ग्राहकवर्ग एवं स्वदेश तथा विदेशमा रहनु भएका सम्पूर्ण नेपालीमा सुख, शान्ति, समृद्धि र आरोग्यका लागि

हार्दिक शुभकामना

व्यक्त गर्दछौं ।

ANUPAM
Foodland & Banquet
Battishputali, Kathmandu, Nepal, Tel: 01-4562777

त्रिवेणी नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
तोली, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

त्रिवेणी नगरपालिकाद्वारा जनहितमा जारी सन्देश

- विहानको समयमा खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा खर पत्करको प्रयोग भएमा आगलागी हुन सक्छ की भनेर पुरै सावधानी अपनउने गरी र चुल्हो नजिक एक जना अनिवार्य बस्ने पनि बसालौं ।
- दिउँसो समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- सलाई, लाईटर, मटितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक वाल्टीन वा अन्य भाडोमा पानि २४ सै घण्टा राख्ने बानी बसालौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहि आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- नगरका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- नगरमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यलयको कन्ट्रोलको नम्बर १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पति माथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसंग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंता, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

साथै

नव वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण गाउँबासी आमा बुवा, दाजुभाइ, दिदीबहिनी तथा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको

शुभकामना

व्यक्त गर्दछौं ।

कर्ण बहादुर थापा
नगर प्रमुख

चिरन्जिवि प्रशाद शाह
नि. प्रमुख कार्यकारी अधिकृत

कमला कुमारी जैशी न्योपाने
नगर उप-प्रमुख

तथा त्रिवेणी नगरपालिका परिवार

हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम नगरबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नत्ति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

परोहा नगरपालिकाद्वारा जनहितमा जारी सन्देश


- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- छतको गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔं ।



शेख तकील
प्रमुख



मो.महफुज अहमद
प्रमुख कार्यकारी अधिकृत



सुगन्धि गिरी
उपप्रमुख

परोहा नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
लौकाहा, रौतहट, मधेश प्रदेश, नेपाल

# इजरायल बसेर नेपालमा समाजसेवा



लक्ष्मी खरेल

माया ठूलो जोखिम मोलेर इजरायल गइन् । छिट्टै नेपाल फर्किन्छु भनेर इजरायल पुगेकी मायालाई उतैको व्यस्तताले फर्किन दिएन । इजरायल पुगेको दुई दशक पुग्नै लाग्दा पनि उनी उतै छिन् । तर मायाले इजरायल बसेर आफ्नो जन्मभूमिका लागि धेरै कामहरू गरिरहेकी छिन् ।

२०५६/५७ ताका नेपालमा सशस्त्र संघर्ष चरम उत्कर्षमा थियो । उदयपुरको गाईघाटकी माया घले मगरको पनि जीवनमा संघर्षको यात्रा तय हुँदै थियो । आईए पढ्दै गरेकी मायालाई जीवनमा यसै गर्छु भन्ने त थिएन, तर सामाजिक काम गर्ने हुटहुटी भने जागिसकेको थियो । त्यही हुटहुटीले उनलाई नेपाल रेडक्रस सोसाइटीको 'रिवार्ड प्रोजेक्ट'मा जोड्यो । उक्त संस्थाले उदयपुरका तत्कालीन ४० वटा गाबिसमा महिला प्रजनन स्वास्थ्य, एचआईभी एड्स, परिवार नियोजन र बालबचाउसम्बन्धी काम गर्थ्यो ।

प्रोजेक्टमा फिल्ड वर्करका रुपमा काम गर्दा मायाले कयौं पटक माओवादी लडाकुहरूबाट केरकार खानुपर्‍यो । उनको मनमा गढेको सामाजिक सेवालाई अगाडि बढाउन निकै असहज भयो । उनले सहजरुपमा काम गर्न पाइनन् ।

गाउँगाउँमा महिला र बालबालिकाहरूले भोगिरहेको दुःखले उनलाई निकै छुन्थ्यो । त्यसमाथि माओवादी र तत्कालीन सरकारबीच चरिहेको युद्धले गाउँघर निकै अशान्त थियो । गाउँ समाजको मनोदशा त्रासमा थियो । कयौं महिलाहरूको जीवन उजाडिएको थियो । कतिपय बालबालिकाले अभिभावक गुमाउनुपरेको थियो । त्यस्ता दुःख देखेर उनी कयौं पटक भक्कानिएकी छिन् ।

ग्रामिण भेगका कष्ट देख्दै भोग्दै जीवन गुजारिरहेकी मायालाई पैसा कमाउन सके समाज सेवा सहज हुन्छ जस्तो लाग्यो । उनको त्यही सोचाइले विदेशको भोक जाग्यो । १० वर्षे जनयुद्ध अवतरण हुँदै थियो । द्वन्द्वको समयमा नेपाल बस्न नसकेर पलायन हुन लागेका नेपालीको समूहमा मिसिइन् माया पनि । सन् २००६ मा इजराइल सरकारले नेपालबाट केही कामदार लैजाने भएपछि मायालाई राहत मिल्यो । उनी खुसी भइन् । उनलाई लाग्यो, 'समाजसेवालाई निरन्तर पैसा चाहिन्छ । इजरायल गएर पैसा कमाएर समाज सेवा गर्छु ।'



इजराइल जानका लागि काठमाडौं आउँदा पनि कष्टपूर्ण यात्रा भएको उनुभव छ मायासंग । 'म गाईघाटबाट काठमाडौंका लागि आएं । बाटोमा करिब दश ठाउंमा चेकिङ पर्दै काठमाडौं छिरेकी थिएं । बसुन्धारामा दाइभाउजू बस्नुहुन्थ्यो, म त्यहां पुगें ।' त्यो समय सम्फँदै माया भन्छिन्, 'भोलिपल्ट बिहानै बसुन्धारा चोकमा एक व्यापारीलाई दिउँसै गोली हानी हत्या गरिएको रहेछ । त्यहां वरिपरि हेर्ने मानिसको भीड भएपछि म पनि गएं । एक्कासी मलाई आएर केरकार मात्रै गरेन मेरो थाइकट कपाल हेर्दै माओवादी भएको आशंकाले एक जना आर्मीले थप्पड हान्यो । त्यसपछि आर्मीलाई दाइभाउजूको कोठामै लगेर डकुमेन्ट देखाउनुपर्‍यो । बल्ल आर्मी म माओवादी नभएको एकिन गरेर फर्क्यो ।'

त्यसपछि माया ठूलो जोखिम मोलेर इजरायल गइन् । छिट्टै नेपाल फर्किन्छु भनेर इजरायल पुगेकी मायालाई उतैको व्यस्तताले फर्किन दिएन । इजरायल पुगेको दुई दशक पुग्नै लाग्दा पनि उनी उतै छिन् । तर मायाले इजरायल बसेर आफ्नो जन्मभूमिका लागि धेरै कामहरू गरिरहेकी छिन् । इजरायल पसेपछिका शुरुवाती दिनहरू पनि उस्तै कष्टपूर्ण रहेको अनुभव सुनाउँदै माया भन्छिन्, 'शुरुवातका दिनहरुमा मलाई हिब्रु ( इजरायली भाषा ) को ज्ञान थिएन । भाषा कै कारणले काम गर्न गाह्रो हुन्थ्यो । तर अहिले भाषा प्रष्ट बोल्दा यहाँका हामीले केयर गर्ने बिरामी वृद्ध, वृद्धाहरुले औधी मन पराउँछन् । अहिले त यतै रमाइलो लाग्छ ।'

इजरायलमा केही समय संघर्ष गरेपछि फेरि उनले नेपाल सम्भिmइन् । नेपाल मगर संघ इजरायलको कार्यसमितिको विभिन्न पदमा बसेर काम गर्दा होस् वा अन्य समयमा मायाले नेपालका क्यान्सर पीडित, मिर्गौला पीडित, मुटु रोगी, ब्रेन ट्युमर, बाढी पीडितलगायतका विभिन्न समस्यामा परेकाहरुलाई सहयोग गरिन् ।

इजरायलमा कामको सम्मान पनि हुने, कमाइ पनि राम्रै हुने भएकाले उतै बस्ने र उतैबाट नेपालमा सक्दो समाजसेवा गर्ने उनी बताउँछिन् । इजरायलमा राम्रो आम्दानी हुने र महिलाहरूका लागि सुरक्षित गन्तव्य पनि भएकाले सरकारले नै सहजीकरण गर्दा गरिबीको चपेटामा परेका नेपालीहरुलाई सहज हुने उनको बुझाइ छ । उनी भन्छिन्, 'छिटो र छरितो शून्य लागतमा इजरायलका लागि जीटुजी मोडलबाट कामदार पठाउने हो भने सुनमा सुगन्ध थपिने छ । निःशुल्क गर्न सकिएन भने पनि कमसेकम नेपालबाटै सहजरुपमा इजरायलमा काम गर्न आउन पाउने बाटो नेपाल सरकारले खुला गर्नु पर्छ । नत्रभने नेपाली युवाहरू भारतीय पासपोर्ट बोकेर भारतीय रूट भएर २५/३० लाखसम्म पैसा तिरेर ऋण बोकेर भए पनि इजरायल आउने क्रम बढ्दै जान्छ । यसले त दलाल पोसिँदै जाने, देश र जनाता चाहिँ झन् झन चपेटामा पर्दै जाने स्थिति बन्छ ।'

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायी मित्रहरु, स्वदेश तथा विदेशमा रहनु हुने श्रमिकहरु एवम् सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दीर्घायू एवम् समृद्धिको
शुभकामना
व्यक्त गर्दछौं ।
वाइ बी राई
प्रबन्ध निर्देशक तथा
इण्टरनेशनल मेनपावर रिक्रुटमेण्ट प्रा. लि.
परिवार
ग्वार्को, ललितपुर, नेपाल, फोन: ५२०४३४६, ५२०४३४७, ५२०४३४८

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
नरेन्द्र प्रसाद ढकाल
अध्यक्ष
नोकरी नेपाल रिक्रुमेन्ट सर्भिस प्रा. लि.
परिवार
मित्रनगर, गोंगबु, काठमाडौं, नेपाल, फोन: ४३६२६८६, ४३८५७८

नयाँ बर्ष २०८१ सालको
हार्दिक शुभकामना
नव वर्ष २०८१ सालको उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनुहुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु, भातृत्व एकता एवम् समृद्धिको
शुभकामना व्यक्त गर्दछौं ।
दिपक थापा
तृतीय उपाध्यक्ष, तथा
नेपाल लोकतान्त्रिक वैदेशिक रोजगार व्यवसायी एशोसिएसन
प्रबन्ध निर्देशक
सदिक्षा ओभरसिज प्रा. लि., परिवार
सामाखुसी टाउन प्लानिङ (स्टीमिङ पुलसँगै), काठमाडौं । फोन: ४३८०१८१

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
राजेश गौतम
प्रबन्ध निर्देशक, तथा
गौतम इन्टरनेशनल म्यानपावर सर्भिसेज प्रा. लि.
परिवार
सुविधानगर, तिनकुने-३२, काठमाडौं, नेपाल, फोन: ५१९२०२८, ४१११६४४

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवम् समृद्धिको
शुभकामना व्यक्त गर्दछौं ।
नारायण पराजुली
प्रबन्ध निर्देशक
तथा
प्रुडेन्सियल ओभरसिज प्रा. लि.
परिवार
तिनकुने, काठमाडौं, फोन: ५१०४५२५

# निर्माण व्यवसायमा जमेकी गीता



अम्बिका खड्का

नेपालमा थोरै संख्यामामात्र महिला निर्माण व्यवसायी छन् । जसमा पनि धेरैजसो महिलाको कम्पनी मात्र आफ्नो नाममा छ, काम श्रीमान वा परिवारका अन्य पुरुष सदस्यले गर्छन् । निर्माण व्यवसायको काम पुरुषको हो भन्ने मानसिकता अझै व्याप्त छ । तर यी सबै कुराको अपवाद जस्तै हुन् जुम्लाकी गीता ।

खिरिलो ज्यान, साधारण टिसर्ट पाइन्ट, कुनै कस्मेटिक्स प्रयोग नगरिएको अनुहार, यसै बटारेर बाँधेको कपाल, देखावटी सुन्दरतामा अलिकति पनि लालची नदेखिएकी एक युवती काठमाडौंका सडकमा हजारौं पुरुषको भीडमा सँगसँगै नारा लगाउँदै थिइन्, 'निर्माण व्यवसायीलाई भुक्तानी दे, भुक्तानी दे' । गत असार-साउनमा निर्माण व्यवसायी महासंघले सरकारसँग विभिन्न माग राख्दै चरणबद्धरुपमा गरेको आन्दोलन तथा धर्ना कार्यक्रमको एक दृष्टान्त हो यो । कहिले नारा लगाउने, कहिले ब्यानर बोकेर त कहिले निधारमा कालो पट्टी बाँधेर महासंघको आन्दोलनभर निकै सक्रिय रहेकी उनी कुनै निर्माण व्यवसायीकी छोरी, श्रीमती वा आफन्त होइनन् । उनी हुन् एस.एल कन्स्ट्रक्सन प्रा.लि.की सञ्चालिका गीता शाही ।

निर्माण व्यवसायी भन्नासाथ प्रायः सुनका मोटामोटा सिक्री र ब्रासलेट टल्काउने, भुँडी ढल्काउने सुकिलामुकिला पुरुषको अनुहार झल्किन्छ । नेपालमा थोरै संख्यामामात्र महिला निर्माण व्यवसायी छन् । जसमा पनि धेरैजसो महिलाको कम्पनी मात्र आफ्नो नाममा छ, काम श्रीमान वा परिवारका अन्य पुरुष सदस्यले गर्छन् । निर्माण व्यवसाय (ठेक्का पट्टाको काम) पुरुषको हो भन्ने मानसिकता अझै व्याप्त छ । तर यी सबै कुराको अपवाद जस्तै हुन् जुम्लाकी गीता ।

विगत १२-१५ वर्षदेखि निर्माण क्षेत्रमा सक्रियरुपमा काम गरिरहेकी शाही निर्माणस्थलमै समय बिताउँछिन् । हालसम्म सडक निर्माणका काम मात्र गरिरहेकी उनी आफैं निर्माणस्थलमा बसेर काम गराउने, अह्राउने गर्छिन् भने आवश्यक परेमा निर्माण उपकरण समेत आफैं चलाउँछिन् । काम गर्न लाज, डर, घमण्ड गर्न नहुने मान्यता राख्ने शाही आफूलाई गिट्टी, बालुवा, रड, सिमेन्ट, स्काभेटर, टिपरसँगै रमाउने बानी परेको बताउँछिन् । उनी आफ्नो व्यावसायिक काममा मात्र होइन निर्माण व्यवसायीको हकहितका साथै महिला निर्माण व्यवसायीलाई अघि बढाउनका लागि आवाज उठाउने तथा पहलकदमी गर्ने कार्यमा सधैं अग्रसर भएर लागिरहेकी छन् ।

निर्माण व्यवसायमा सक्रिय शाही आफ्नो काममा पनि सन्तुष्ट छिन् । निकै संघर्ष गरेर यो स्थानसम्म आइपुगेकी शाहीको जीवनमा भने धेरै उतारचढावका कथाहरु छन् ।

### विद्यालय नगइ १२ कक्षासम्मको पढाइ

२०४५ साल साउन २५ गते जुम्लाको तातोपानी गाउँपालिकामा बुबा धनवीर शाही र आमा कौशीला शाहीको कोखबाट जन्मिएकी शाहीले कम उमेरमा धेरै उतारचढाव भोगेकी छन् । अन्नको नाममा वर्षको एकबाली गहुँ र जहु मात्र फल्ने ठाउँ, आर्थिक अवस्था कमजोर, ६ जना छोराछोरी खर्च चलाउनै मुस्किल थियो परिवारमा ।




त्यसैले दाइ सानैदेखि फुपूका घर बसेका थिए भने दिदीको सानैमा विवाह भयो । बुबाले राडीपाखी बेचेर जाजरकोटबाट बोकेर ल्याएको चामलको भात खान चाडपर्व नै कुर्नुपर्थ्यो । गीता जुम्लाकै श्री कालिका माविमा भर्ना भएर परीक्षा त दिन्थिन्, तर विद्यालय जान मुस्किलले पाउँथिन् । एक सिजन जाजरकोट र एक सिजन जुम्ला बस्नुपर्ने हुन्थ्यो । उनी कक्षा चार पढ्दा बुबालाई औलो लाग्यो । चार महिना बिरामी भएपछि बुबा बिते, घरको मुल खाँबो ढल्यो । उनको परिवारमा झनै ठूलो समस्या आइपर्‍यो । देशमा माओबादी जनयुद्ध चलिरहेको थियो । बुबा बितेको केही समयपछि शाहीलाई माओबादीले फकाइफुलाइ लगे । उनलाई त्यहाँ बस्न मन लागेन र भागेर घर आइन् । पछि आमालाई धम्क्याएर माओवादीले उनलाई फेरि लगे । तर उनी फेरि भागेर घर नगइ जाजरकोट आफन्तकोमा बस्न थालिन् । त्यसपछि उनी जाजरकोटबाट फुपूसँग कोहलपुर आइन् र एक जना आफन्त दाइकोमा बस्न थालिन् । उमेर धेरै भइसकेको थियो, ४ बाट एकै पटक ८ कक्षामा भर्ना भए पनि उनी उमेर धेरै भएकाले स्कुल जाँदिन थिइन् । उनले विद्यालय नगएरै एसएलसी परीक्षा दिइन् । त्यसपछि चन्दनाथ उच्च माविबाट क्याम्पस नगएरै १२ सम्मको पढाइ सकिन् । त्यसपछि भने शाहीले पढाइलाई अगाडि बढाउन सकिनन् ।

### जुम्लाबाट काठमाडौंसम्मको यात्रा

माओवादीबाट भागेर जाजरकोट पुगेकी शाही फुपूसँग कोहलपुर आएपछि त्यहाँ उनले एउटा संस्थामार्फत गाडी सिक्ने अवसर पाइन् । गाडी सिकेपछि लाइसेन्सका लागि भने हजार रुपैयाँ चाहिने रहेछ । घरबाट भाग्ने बेला आमाले दिएको पैसा थियो, त्यही तिरेर उनले गाडीको लाइसेन्स बनाइन् । त्यो बेला उनी गाडीको लाइसेन्स प्राप्त जुम्लाकी पहिलो महिला नै थिइन् । त्यसपछि जुम्ला सरमुकाममा उनले टिकट काउण्टरमा काम गर्न थालिन् । जुम्लामा टिकट काउण्टरमा काम गर्ने महिला पनि उनी नै पहिलो थिइन् । २ वर्ष जति काम गरेपछि जम्मा भएको केही पैसा लिएर उनी काठमाडौं छिरिन् । काठमाडौंमा यसै अलमल परेकी शाहीले अन्ततः विदेश जाने निर्णय गरिन् । विदेश जान भनेर पासपोर्ट बनाउन फारम पनि भरिन्, जुन उनले दुःखको बेलाको भनेर अहिलेसम्म पनि सुरक्षित राखेकी छन् । उनले फारम त भरिन्, तर फारम बुझाउन चाहिने अन्य कागजात घरमै थिए । त्यसैले केही समय रोकिइन् । त्यहीबेला उनलाई माओवादीमा हुँदा चिनेका ठेक्कापट्टा गर्ने एक जना दाइले विदेशमा महिलालाई धेरै दुःख हुने भन्दै सम्झाए र यहीं केही गर्न सुझाव दिए । साथै नेपाल निर्माण व्यवसायी संगठनमा कार्यालय सहयोगीको कामसमेत मिलाइदिए । यसरी जुम्लाबाट काठमाडौंसम्म पुगेकी उनी खाडी देशको यात्रा रोकेर काठमडौंमै बस्न थालिन् ।

### कसरी बनिन् निर्माण व्यवसायी ?

मनमा केही गर्नैपर्छ भन्ने हुटहुटीले उनलाई यसै अल्झिएर बस्न दिएन । निर्माण व्यवसायी संगठनमा काम गर्न थालेपछि उनले त्यसबेला १० हजार खर्च गरेर आफ्नो पनि ठेक्कापट्टाको लाइसेन्स बनाइन् र केही समय त्यहीं काम गरिन् । त्यसपछि उनी जुम्ला फर्किएर जुम्लाको नारी आवाज भन्ने रेडियोमा टेक्निसियनको काम गरिन् । रेडियोका सञ्चलकको प्लेन दुर्घटनामा मृत्यु भएपछि रेडियो चल्न समस्या हुन थाल्यो र उनी फेरि काठमाडौं आइन् । काठमाडौंमा उनले युवा तथा साना व्यवसायी स्वरोजगार कोषमा पनि कार्यालय सहयोगीको रुपमा काम गरिन् । केही समय त्यहाँ काम गरेपछि उनी पुनः निर्माण व्यवसायी संगठनको कार्यालयमै कार्यालय सहयोगीको रुपमा काम गर्न थालिन् । त्यसबेला भने उनलाई निर्माण क्षेत्रको काम सिक्ने चासो बढ्यो । उनी काम गर्ने ठाउँमा साथीलाई राखेर उनलाई विदेश जान रोकेर काममा लगाउने र लाइसेन्स बनाइदिने दाइको निर्माणस्थलमा जाने, निर्माणका काम हेर्ने र सिक्ने गर्न थालिन् । यसरी साइटमा जाँदा भने मानिसहरुले ठेकेदारको पछि लागेर आएकी को हो ? के हो ? भनेर सोध्ने, कुरा काट्ने गर्थे । उनी भन्छिन्, 'मनमा केही गर्छु भन्ने लागेपछि कसैको केही कुराले फरक नपर्दो रहेछ । म काम सिक्न चाहन्थें, त्यसैले कसैको कुराको वास्ता नै गरिनँ ।'

त्यसपछि उनलाई यसरी अर्काको साइटमा हेरेर मात्र सिकिँदैन अब आफैं ठेक्का हाल्नुपर्छ भन्ने लाग्यो । त्यसबेला ललितपुर सडक डिभिजनले साना-साना २६ वटा ठेक्का खुलाएको थियो । सानो बजेटका ठेक्का भएकाले खर्च धेरै नलाग्ने हुँदा उनलाई सजिलै भयो । उनले त्यहींबाट आफ्नो निर्माण व्यवसायको यात्रा प्रारम्भ गरिन् । साना साना ठेक्काबाट काम सिक्ने अवसर पाउँदै गइन् । त्यसपछि सहकारीमा सदस्य भएर ऋण लिने, जग्गा किन्ने, बैंक ग्यारेन्टी देखाउने गर्दै ठूला ठेक्कामा पनि हात हाल्न थालिन् । अहिले उनी करोडौंको ठेक्काको काम गर्छिन् । उनी निर्माण व्यवसायी महासंघकी केन्द्रीय सदस्य पनि हुन् भने महासंघकै छाता संगठन निर्माण व्यवसायी महिला समितिको सहसंयोजक पनि हुन् । हालैपनि उनी दैनिक ३५-४० जनासम्म मजदुर लगाएर काम गरिरहेकी छन् । यसरी २०६९ सालदेखि निरन्तर सक्रियरुपमा निर्माण व्यवसायमा संलग्न शाहीको अहिले ललितपुरमा आफ्नै घर छ । हिँड्डुल गर्न आफ्नै गाडी छ । कुनै बेला चामलको भात खान चाडपर्व कुर्नुपर्ने शाही अहिले मन लागेको बेला, मन लागेको ठाउँमा खान समस्या नभएको बताउँछिन् । उनी भन्छिन्, 'हिजोको जस्तो खान लगाउनै दुःख छैन, म यसमै सन्तुष्ट छु । सामान्य जीवन चलिरहेकै छ निर्माण क्षेत्रमा अझ राम्रो काम गर्ने मन छ ।' उनी निर्माण व्यवसायमा यसरी लागिन् कि बिबाह गर्ने उपयुक्त समयसम्म पाएकी छैनन् । व्यावसायिक हिसाबले सन्तुष्ट र सफल भएपनि महासंघमा समेत आफू राम्रो स्थानमा पुग्ने र निर्माण क्षेत्रलाई पनि राम्रो बनाउने उद्देश्य रहेकाले अझै विवाहबारे नसोचेको उनी बताउँछिन् ।

### महिला निर्माण व्यवसायीका समस्या

महिला भएकै कारण शुरुवाती दिनमा निकै समस्या हुने गरेको उनका धेरै नमिठा अनुभवहरु छन् । साइटमा जाँदा कामदारले नै नपत्याउने, कुरा नसुन्ने, नटेर्ने गर्दा नै समस्या हुन्थ्यो । तर बिस्तारै कुरा बुझाउँदै, सम्झाउँदै उनी अघि बढिन् । वरपरका मानिसहरुले ठाउँअनुसार आफ्नै भाषामा कुरा गर्ने, कोसँग आएकी, केटी पनि यस्तो काम गर्छन् ? भन्ने जस्तो कुरा गर्ने गर्दा आफूलाई नराम्रो अनुभूति हुने गरेको उनको भनाइ छ । साइटमा जाँदा अहिले पनि पुरुष कामदार मात्र हुने हुँदा साइटमा बस्न सुरक्षाको अनुभूति नहुने, छुट्टै बस्ने व्यवस्था गर्दा खर्च बढी हुने, प्रशासनिक काममा पनि महिला निर्माण व्यवसायी भनेपछि कुरा गर्न अप्ठ्यारो मान्ने र काममा धेरै अलमल गराउने गरेको उनको दुखेसो छ ।

जे कुरा पनि शुरु गर्दा धेरै गाह्रो भएपनि बिस्तारै बानी पर्दै जाने र सहज हुँदै जाने उनको अनुभव छ । अनेक उतारचढावका बीच पनि निर्माण क्षेत्रमा नै टिक्न सफल भएकाले हिम्मत र गर्छु भन्ने अठोट नै ठूलो कुरा भएको उनको भनाइ छ ।


## स्वामीकार्तिक खापर गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
सुइजिउला वाइ, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

### स्वामीकार्तिक खापर गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- विहानको समयमा खाना पकाई चुल्होमा रहेको आगो राम्ररी निभाऔं ।
- खाना पकाउँदा स्वर पल्करको प्रयोग भएमा आगलागी हुन सक्छ भनेर पुरै सावधानी अपनउने गरी र चुल्हो नजिक एक जना अनिवार्य बस्ने पानि बसालौं ।
- दिउँसो समयमा हावाहुरी चल्ने हुँदा विहान ९ बजेपछि चुल्हो बाल्नुपर्ने कुनै काम नगरौं ।
- सलाई, लाईटर, मटितेल लगायतका अन्य पेट्रोलियम पदार्थ बालबालिकाको पहुँचभन्दा टाढा राख्ने बानी बसालौं ।
- घरमा एक बाल्टीन वा अन्य भाडोमा पानि २४ सै घण्टा राख्ने बानी बसालौं ।
- घरको कुनै सजिलो ठाउँमा २/४ बोरा बालुवा राख्ने गरौं जसले गर्दा कहि आगलागी भयो भने निभाउन सहयोग हुन्छ ।
- आगोबाट हुने जोखिम तथा धनजनको क्षति बारेमा परिवारका सदस्यहरुलाई जानकारी गराई सजग र सतर्कता अपनाउने बानी बसालौं ।
- गाउँका पोखरीहरुमा पानी सञ्चित राख्ने बानी बसालौं ।
- गाउँमा कसैले आगो जथाभावी राखेको छ भने गाउँ घरमा त्यसरी आगो खुल्ला राख्नु हुँदैन भनेर सचेत गराउने गरौं ।
- कहीं कतै आगलागी भएमा नजिकको प्रहरी चौकी वा जिल्ला प्रहरी कार्यलयको कन्ट्रोलको नम्बर १०० नम्बरमा जानकारी गराऔं ।
- कसैको ज्यान वा सम्पति माथि आगजनी गर्ने अपराध भएकोले यस्तो कार्यमा सहभागी नहोऔं ।
- आगजनी घटनालाई न्यूनिकरणको लागि प्रहरीसंग सहकार्य गरौं र जनधनको क्षति हुनबाट बचौं र बचाऔं ।
- आगलागी प्रकोप उद्धारको सामग्रीहरु जस्तै बाल्टिन, जग, बेल्चा, गैंती, डोरी, स्ट्रेचर, प्राथमिक उपचारको सामग्रीहरु, आगलागी उद्धारको लागि लगाउने कपडा भएसम्म व्यवस्था गरी राखौं ।

साथै

नव वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण गाउँबासी आमा बुवा, दाजुभाइ, दिदीबहिनी तथा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायू तथा उत्तरोत्तर प्रगतिको

शुभकामना

व्यक्त गर्दछौं ।

भरत बहादुर रोकाया
अध्यक्ष

खम्बीर बहादुर बुढा
लेखापाल

अमर बहादुर रोकाया
नि. प्रमुख कार्यकारी अधिकृत

तथा स्वामीकार्तिक खापर गाउँपालिका परिवार



## हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

### हावाहुरीबाट बचौं र बचाऔं

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झयालढोका बन्द गरौं,
- छतको गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पुर्व तयारी एवं सतर्कता अपनाऔं ।


उग्र नारायण यादव
अध्यक्ष


चन्द्र नारायण चौधरी
प्रमुख प्रशासकीय अधिकृत


रेखा देवी यादव
उपाध्यक्ष

भगवानपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
भगवानपुर, सिराहा, मधेश प्रदेश, नेपाल

# योद्धा रामरतीदेवी



सन्दिप वि.क

चमारभित्र केही व्यक्तिहरु यस अभियानमा लागे । उक्त आन्दोलनमै थिइन्, रामरतीदेवी राम, सियावती राम, जानकी राम, चन्देश्वरी सदा, गुलाबदेवी राम, मुर्नरदेवी राम, फुलकुमारी राम लगायत पनि । यस अभियानमा उनीहरुको भूमिका उल्लेखनीय रह्यो ।

२०५६/०५७ सालतिर सिरहा र सप्तरी जिल्लाहरूमा सिनो बहिष्कार आन्दोलनले खुब चर्चा पायो । गरिब दलित चमार समुदायलाई सिनो फाल्न बाध्य पारिदै आएको थियो । कसैको गोठमा गाइबस्तु मरे भने लगेर गाड्ने काममा चमार समुदायलाई बाध्य पारिन्थ्यो । उनीहरुलाई हेपाह प्रवृतिले हेरिन्थ्यो । त्यही बीच एकाएक एक विद्रोही अभियान चल्यो, सिनो बहिष्कार अभियान । चमारभित्र केही व्यक्तिहरु यस अभियानमा लागे । उक्त आन्दोलनमै थिइन्, रामरतीदेवी राम, सियावती राम, जानकी राम, चन्देश्वरी सदा, गुलाबदेवी राम, मुर्नरदेवी राम, फुलकुमारी राम लगायत पनि । यस अभियानमा उनीहरुको भूमिका उल्लेखनीय रह्यो ।

यिनै मध्येकी रामरतीदेवीले सिरहामा सिनो बहिष्कार संघर्ष समितिमा रहेर आन्दोलनको नेतृत्व गरिन् । २०२३ सालमा सप्तरीमा रामरतीदेवीको जन्म भएको थियो । गरिब परिवारमा जन्मिएकी उनको जीवन बाल्यकालमा त्यति सुखमय भएन । दलित र बिपन्न परिवार त्यसमाथि पनि 'चमार' समुदायमा जन्मिएकी उनको सानै उमेरमा सिरहा लहानमा बिवाह भयो । त्यो बेला गरिब, दलितहरुको छोरीहरुको सानै उमेरमा बिवाह हुने गर्थ्यो ।

सानै उमेरमा बिवाह भएकाले उनी केही वर्ष माइतमै बसिन् । १८ वर्ष पुगेपछि उनी श्रीमान्को घर गइन् । त्यो समय दलितहरु राजनीतिमा आउनु सहज थिएन । अझ दलित महिलाको त कुरै छोडौं । उनीहरु घरको चुलोचौकामै सीमित थिए । तर पनि रामरतीदेवी भने घरको चुलोचौकाको कामलाई त्याग्दै राजनीतिमा होमिइन् । उनी कम्युनिष्ट विचार धाराकी थिइन् । विवाह गरेर आएको गाउँमा एक जना पनि कम्युनिष्ट थिएनन् । सबै गाउँ नै कांग्रेसको बर्चश्व थियो । रामरतीदेवीको बिवाह गरेर आएको घरपरिवार किसान थियो । ज्याला मजदुर गरेर जीवन निर्वाह गर्दै आएका थिए । माइतीमा रहँदा रामरतीदेवीको दाजु हरिलाल राम राजनीतिमा होमिएका युवा थिए । उनीपनि कम्युनिष्ट विचार धाराका थिए । विद्यार्थी कालमा उनी विभिन्न राजनीतिक संगठनमा सक्रिय भएका लागेका थिए । कम्युनिष्ट भएकै कारण हरिलालले ९ महिना जेल बसेका थिए । रामरतीदेवीमा पनि दाजुकै प्रभाव परेको थियो । माइतीमा दाजु



राजनीतिमा भएकाले राजनीति माहोल भएपनि श्रीमानको घरमा भने त्यो अवस्था थिएन । परिवारले उनलाई घरमै श्रीमान, सासुससुराको स्याहार गरेर बसोस भन्न चाहन्थे । त्यो बेला दलित चमार घरपरिवारले सिनो फालेर जीवन निर्वाह गर्दै आएका थिए ।

एक पटक कम्युनिष्ट विचारधारामा केही नेताहरु रामरतीदेवीको चमार बस्तीमा आए । उनीहरुले त्यहाँ पार्टी सदस्यता बनाउन थाले । त्यो बेला दुई रुपैयाँमा पार्टी सदस्यता दिइन्थ्यो । त्यही बेलामा रामरतीदेवीले पनि पार्टी सदस्यता लिइन् । पार्टी सदस्यता लिएपछि उनीहरुले लुकिछिपि गाउँमा बैठक राख्न थाले । त्यसको केही समयपछि बहुदल आयो । रामरतीदेवीले पार्टीमा संगठित सदस्यता पाइन् । २०५४ सालमा उनी मनोनित वडा सदस्य भइन् ।

चमारको छोरीलाई जनप्रतिनिधि बनाएको भन्दै उनीमाथि कुटपिट समेत भयो । रामरतीदेवीको गाउँमा दलित चमार जातले सिनो फाल्ने, सुत्केरी स्याहार गर्ने काम गर्थे । २०५६ सालतिर रामरतीदेवी लगायत केही चमार एकजुट भए । उनीहरु सिनो बहिष्कार गर्ने निधो गरे । त्यसलाई उनीहरुले आन्दोलनको रुप दिए । चमारहरु आफुले गर्दै आएको काम नगर्ने भन्दै संगठित हुन थालेपछि गाउँमा उनीहरुविरुद्ध सामाजिक बहिस्कार भयो । सिनो नफाले २५ हजार रुपैयाँ जरीवाना तिर्नुपर्ने भन्दै धम्की समेत आउन थाल्यो । चमारहरुको खेतबारी केही थिएन । साहुहरुले सिनो फाल्ने तपाईंहरुको काम हो । सिनो नफाल्ने भए हाम्रो खेतिबारीमा नआउनु भन्न थाले । उनीहरुलाई पसलहरुमा जान समेत रोक लगाइयो । धारामा पानी दिइएन । पछि एउटा एनजिओले दुई वटा कल बनाइदियो । त्यो धारोले चमारहरुको केही समस्याको समाधान भयो । उनीहरु पिडा मुक्त भए । स्वतन्त्र भएर जीउन थाले । मरेको गाइबस्तु फालेनन् । सुत्केरी हुँदा स्याहार सुसार गर्न जान छोडे । त्यो आन्दोलनमा रामरतीदेवीको महत्वपूर्ण स्थान छ । उनले अरु महिलाहरुलाई यसकोविरुद्धमा उठ्न आग्रह गरिन् । यस अभियानमा रामरतीदेवीले टोल टोलमा भाषाण गरेकी थिइन् । समाजमा अभियानप्रति जागरुक ल्याउन उनी कम्मर कसेर लागेकी थिइन् । उनी भन्छिन्, 'त्यो बेला यस सिनो बहिष्कार अभियान लाग्नु सहज थिएन् । अझ हामी महिलाहरुलाई साह्रै गाह्रो थियो । यो अभियान, घरपरिवार, राजनीति, छोराछोरीको व्यवस्थापन ।'

दलित महिला भएपनि राजनीतिमा होमिएकी रामरतीदेवी दुई पटक एमालेको केन्द्रीय सदस्य भइन् । २०६४ मा एक पटक सभासद बनिन् । आफुले गरेको संघर्षले सिराह, सप्तरी, धनुषामा आफ्नो नाम कसैले नबिर्षने उनी बताउँछिन् । उनी भन्छिन्, 'हामीले गरेको यो संघर्षकै बाबजुंद आज यो अभियानले सार्थकर्ता पाएको छ । हामीले यो अभियान नचलाएको भए आज पनि हाम्रा छोराछोरी नातिनातिना त्यही सिनो फालेर बसिरहेका हुन्थे ।' अभियानकै क्रममा रामरतीदेवी नेपालको इलाम, झापा, मोरङ, सप्तरीदेखि रुकुम रोल्पासम्म पुगेकी छिन् । उनी भारत भ्रमणमा समेत गएकी छिन् । महिला जनप्रतिनिधिलाई त्यो बेलाको जिल्ला विकास समितिले यूएनडिपिको सहयोगमा भारत लगिएको उनी बताउँछिन् । नेकपा एमालेको चितवनमा २०७८ साल मंसिरमा भएको १० औं महाधिबेशनबाट दलित महिलामा केन्द्रीय सदस्यमा उनी निर्विरोध निर्वाचित भइन् । यसअघि पनि उनी केन्द्रीय सदस्य नै थिइन् । उनी भन्छिन्, 'लामो संघर्षका कारण हामी यहाँसम्म आएका छौं । अझै पनि समाजमा छुवाछुत जस्तो कुप्रथा हट्न सकेको छैन । महिलाहरु अझै पनि थिचोमिचो सहज बाध्य छन् । महिलाहरु त्यसमा पनि दलित महिलाहरु अझै घरबाहिर आउन नसकेको अवस्था छ । अब फेरि जाग्नुपर्ने बेला आएको छ । अब दलितहरु फेरि जागौं ।'

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु समृद्धिको
शुभकामना
व्यक्त गर्दछौं ।
जयराम अधिकारी
प्रबन्ध निर्देशक, तथा
AIR KINGS HR Global Pvt. Ltd
एयर किङ्स प्लेसमेन्ट प्रा. लि.
परिवार
कुपण्डोल, ललितपुर, नेपाल फोन नं. ०१-५५२४००६, ५५२७१९

हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू एवम् समृद्धिको
शुभकामना
व्यक्त गर्दछौं ।
विष्णु के.सी.
प्रबन्ध निर्देशक
तथा
आकर्षण इण्टरनेशनल प्रा. लि., परिवार
शम्भु मार्ग, आकर्षण भवन (एयरपोर्ट नजिक), काठमाडौं, फोन नं.: ०१-४४९८७०१

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै
नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य, दीर्घायू, भातृत्व एकता एवम समृद्धिको
शुभकामना व्यक्त गर्दछौं ।
राम श्रेष्ठ
प्रबन्ध निर्देशक, तथा
हार्वेष्ट मुन ग्रुप
परिवार
गैरीधारा २, नक्साल, काठमाडौं, नेपाल, फोन: ०१-४४१५५७४

नयाँ वर्ष २०८१ को
हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
स्यारोन मेनपावर सर्भिस प्रा. लि.
परिवार
महाराजगंज-०४, काठमाडौं, नेपाल, फोन: ४४९१५०५

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
दिल श्रेष्ठ
प्रबन्ध निर्देशक तथा
अल सेक्युर म्यानपावर रिक्रुटमेन्ट प्रा. लि.
परिवार
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४५९२१००, ४५९०८००

# मिहिनेतले रंगिएकी डा. चन्दा



पदमराज जोशी

उनले १५ वर्ष बिताएको सरकारी डाक्टरबाट राजीनामा दिइन् । सन् २००० मा केएमसीको व्यवस्थापन नेपालीले जिम्मा लिएपछि उनले प्राइभेट क्षेत्रमा जागिर त्यहीबाट सुरु गरिन् । सरकारी सेवा छोडेर प्राइभेट क्षेत्रमा जोगिरे बनेकी चन्दा लेक्चरर डाक्टरको रुपमा केएमसी प्रवेश गरिन् ।

संघर्ष र सफलता एकअर्काका पर्याय हुन् । यही दुःख र संघर्षको गतिलो बिम्ब भन्दा फरक नपर्ने नाम हो, प्रोफेसर डाक्टर चन्दा कार्की । उनको अहिलेको पहिचान डाक्टर, स्त्रीरोग विशेषज्ञ, मेडिकल कलेजकी प्रिन्सिपल हुँदै सांसद पनि हो । यो पहिचान बनाउनका लागि उनले गरेको कठोर संघर्ष निर्मम छ । निर्मम यसर्थमा कि, सन्तानका लागि सबै चिज त्याग्न सक्ने महिला चरित्र विपरित उनले ११ दिनको शिशु छोडेर पढाइका लागि बिदेश गएको समय निकै कठोर थियो । महोत्तरीको औरही नैनीगौरीमा माता चन्द्रदेवी र पिता शिवमानसिंह भण्डारीको सन्तानका रूपमा सन् १९५८ अप्रिल २६ मा चन्दा जन्मिइन् । छोरीलाई स्कूल नपठाउने परिवेश भए पनि चन्दाकी आमा छोरी पढाउने कुरामा सधैं महत्व दिन्थिन् । छोरी पढाउनका लागि आमाले परिवारमा निकै हठ गरिन् । आमाको त्यही हठले चन्दाको औपचारिक पढाइ सहज बन्यो । फलस्वरुप आफ्नै हजुरबुबाले स्थापना गरेको प्रसादसिंह हाइस्कुलमा चन्दा सिधै कक्षा ४ मा भर्ना भइन् ।

सामान्य तरिकाले उनको पढाइ चल्दै थियो । जीवनमा दुःख आउन के बेर लाग्दो रहेछ र ? उनी कक्षा ७ मा पढ्दापढ्दै आमा सिकिस्त बिरामी भइन् । उपचारका लागि राजधानी ल्याइएकी आमाले एक वर्ष माइतीमा बसेर बेडरेस्ट गर्नुपर्‍यो । आमासँगै बसेकी चन्दाको पढाइ बिग्रने मा मामा चिन्तित भए । तर, चन्दालाई काठमाडौंमै भर्ना गर्न खोज्दा 'तराईमा पढेकी छात्राले पढ्न सक्दैन' भन्दै धेरै विद्यालयले उनलाई भर्ना लिन मानेनन् । 'राम्रो पढ्न नसकेमा विद्यार्थी फिर्ता लग्छु' भन्ने सर्तमा पद्मकन्याले चन्दालाई भर्ना लिन मान्यो । राम्रो नगरेमा आफैं फिर्ता जाने सर्तमा भर्ना भएकी चन्दाले त्यही विद्यालयबाट एसएलसीमा कमला स्वर्ण पदक हात पारिन् । त्यसपछि अमृत साइन्स क्याम्पसबाट आईएससी गरेपछि उनमा डाक्टर बन्ने सपना पलायो । मामा डा. लोकविक्रम थापाको व्यक्तित्वले चन्दा प्रभावित थिइन् । डाक्टर बन्नका लागि भने उनले भारतको कलकत्तामा रहेको आरजीकर (राधा गोबिन्द कर) मेडिकल कलेज रोजिन् । त्यहींबाट उनले उत्कृष्ट अंक ल्याएर एमबीबीएस सकिन् ।

एमबीबीएस सकेर कलकत्ताबाट फर्केपछि २०४३ सालमा चन्दाले परिवारको सल्लाहमा डा. टेकेन्द्र कार्कीसँग मागी विवाह गरिन् । विवाहसँगै उनको पेशागत करियर पनि अघि बढ्यो । उनकै पालादेखि डाक्टर बन्न लिखित परीक्षा पास गर्नुपर्ने व्यवस्था सुरु भएको थियो । वैवाहिक बन्धनमा बाँधिएको केही दिनमै उनी सरकारी जागिरे बनिन् । भोजपुरबाट सुरु गरेको डाक्टरी पेशामा उनले करिब आठ वर्ष विभिन्न जिल्लामा बिताइन् । पन्चायती व्यवस्थाको अन्त्यको समय थियो । त्यो बेला राजाका लागि जे पनि गरिन्थ्यो । डा. चन्दाको हकमा पनि त्यही भयो । डा. चन्दाको सरुवाको कारण सुन्दा पनि रमाइलो लाग्छ । 'राजाको सवारी जहांजहां हुन्थ्यो, मेरो सरुवा त्यहीं त्यहीं गरिन्थ्यो । राजाको सवारी हुने जिल्लामा डाक्टर देखाउनैका लागि मलाइ पठाउथ्यो ।'आठ वर्ष विभिन्न जिल्लामा काम गरेपछि उनले पढाइलाई अगाडि बढाउने निर्णय गरिन् । सात महिनाकी गर्भवती चन्दाको उक्त निर्णयलाई श्रीमान्‌ले पनि साथ दिए । र म पढ्नका लागि बंगलादेशको ढाका गइन् । 'महिलाले करियर बनाउन आफ्नो अठोटसँगै श्रीमान्‌को साथ चाहिँदो रहेछ', डाक्टर चन्दाले श्रीमानको प्रशंसा गर्दै भनिन्, 'श्रीमान्‌ले हौसला र साथ नदिएको भए सायद आजको अवस्था सहज थिएन ।'

ढाका युनिभर्सिटीमा डीजीओ (स्त्री तथा प्रशुती) पढ्दापढ्दै उनको बच्चा जन्माउने समय नजिक आयो । उनी १५ दिनको बिदामा नेपाल आइन् । छोरी जन्माइन् र न्वारन गरिन् । ११ दिनकी छोरीलाई आमा र दिदी मीनुको जिम्मा छोडेर पढाइका लागि ढाका नै फर्किइन् । त्यो समय सम्झिदा पनि चन्दालाई कहाली लाग्छ । उनलाई आफू निकै कठोर र निर्मम भएको भैं लाग्छ । उनी भन्छिन्, 'मेरो अगाडि दुईवटा विकल्प थियो । कि बच्चासंग बस्ने र पढाइ रोक्ने कि छोरी छोड्ने । मैले छोरी नै छोडें । दुधे बच्चा छोडेर जिन्दगीको जुवा खेलेको हो ।' उनको यो जटिल निर्णय देखेर साथीहरूले नै छोरीको नाम 'मिराकल' अर्थात् करिश्मा राखिदिए । अहिले तिनै करिश्मा अस्ट्रेलियामा विशेषज्ञ चिकित्सक छिन् । कान्छी छोरी चन्द्रिका पाटन अस्पतालमा एमडी गरिरहेकी छिन् ।

ढाकाबाट डा. चन्दाले डीजीओमा युनिभर्सिटी टप गरिन् । उनी पुनः फर्केर नेपाल आइन् । त्यसपछि पाटन, टिचिङ, प्रसूति गृहहुँदै भक्तपुर अस्पतालमा सेवा दिइन् । निकै संघर्षले पढेकी डा. चन्दालाई सरकारी सेवामा बढुवा हुन भने गाह्रो भयो उनी सातौं तहबाट आठौंमा उक्लिनै सकिनन् । त्यसमाथि निकै कम मात्रै आम्दानी हुन्थ्यो । बचत गर्न निकै असहज बन्यो । अलीअली गरेको बचत छोरीलाई विद्यालय भर्ना गर्दा, ड्रेस, किताबलगायतका सामानमा सकियो । सहज आम्दानी थिएन । उनलाई लाग्यो, 'यसरी जिन्दगी चल्दैन । डाक्टर बनेर सेवा त जहांबाट पनि गर्न सकिन्छ ।' उनले १५ वर्ष बिताएको सरकारी डाक्टरबाट राजीनामा दिइन् । सन् २००० मा केएमसीको व्यवस्थापन नेपालीले जिम्मा लिएपछि उनले प्राइभेट क्षेत्रमा जागिर त्यहीबाट सुरु गरिन् । सरकारी सेवा छोडेर प्राइभेट क्षेत्रमा जोगिरे बनेकी चन्दा लेक्चरर डाक्टरको रूपमा केएमसी प्रवेश गरिन् । १५ वर्षको अथक मिहेनेतले उनी केएमसीको प्रोफेसर बनिन् । अहिले उनी कलेजको प्रिन्सिपल छिन् । राष्ट्रिय स्वतन्त्र पार्टीको समानुपातिक सांसदमा रूपमा विगत डेढ वर्षदेखि संसदमा पनि आफ्ना आवाज उठाइरहेकी छिन् चन्दा । देशभरका २० वटा मेडिकल कलेजमध्ये पहिलो महिला प्रिन्सिपल डा. चन्दा भन्छिन्, 'नआत्तिएर लागिरहंदा हुंदोरहेछ । असफलता नै सफलताको पिल्लर हो । मिहिनेतले रङ ल्याउंदो रहेछ ।'





## तारकेश्वर गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- छतको जमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

शिव अधिकारी, अध्यक्ष
गिमन थापा मगर, प्रमुख प्रशासकीय अधिकृत
हरिप्रसाद रिमाल, उपाध्यक्ष

तारकेश्वर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ढाडसिङ, नुवाकोट, बागमती प्रदेश, नेपाल

## त्रिवेणी गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

गणेश कुमार केसी, अध्यक्ष
प्रेम बहादुर घर्ती, प्रमुख प्रशासकीय अधिकृत
राजकुमारी रेउले, उपाध्यक्ष

त्रिवेणी गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिम्रुत खारानेटा, रुकुम(पश्चिम) कर्णाली प्रदेश, नेपाल

## सिमकोट गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

विजय भण्डारी, अध्यक्ष
सुवास आले, प्रमुख प्रशासकीय अधिकृत
सुशीला रोकाया, उपाध्यक्ष

सिमकोट गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
सिमकोट, हुम्ला, कर्णाली प्रदेश, नेपाल

## इस्मा गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- घरको संरचना बलियो बनाऔं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, विस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं,
- सलाई, लाईटरजस्ता प्रज्वलनशील वस्तु बालबालिकाले भेट्ने ठाउँमा नराखौं,
- हावाहुरीबाट हुने क्षति कम गर्न पूर्व तयारी एवं सतर्कता अपनाऔं ।

हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा–बुवा, दाजु–भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु–स्वास्थ्य, उन्नति र दीर्घायुको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भगतसिंह खड्का, अध्यक्ष
दिनेश सारु, प्रमुख प्रशासकीय अधिकृत
पार्वती कुँवर, उपाध्यक्ष

इस्मा गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
इस्मा रजस्थल, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल

## हिमाली गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
घुलाचौर, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

हिमाली गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

[illegible]

साथै

नव वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण गाउँबासी आमा बुवा, दाजुभाइ, दिदीबहिनी तथा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

गोविन्द बहादुर मल्ल, अध्यक्ष
[illegible], उपाध्यक्ष
[illegible], नि. प्रमुख प्रशासकीय अधिकृत

तथा हिमाली गाउँपालिका परिवार

## खप्तड छेडेदह गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
डोगडी, बाजुरा
सुदूरपश्चिम प्रदेश, नेपाल

खप्तड छेडेदह गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

[illegible]

साथै

नव वर्ष २०८१ को सुखद अवसरमा सम्पूर्ण गाउँबासी आमा बुवा, दाजुभाइ, दिदीबहिनी तथा स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य दीर्घायु तथा उत्तरोत्तर प्रगतिको शुभकामना व्यक्त गर्दछौं ।

दिल बहादुर रावत, अध्यक्ष
[illegible], उपाध्यक्ष
[illegible], प्रमुख प्रशासकीय अधिकृत

तथा खप्तड छेडेदह गाउँपालिका परिवार

# राजनीतिमा पहिचान बनाउँदै लक्ष्मी



गोमती पाल

सामान्य मध्यम वर्गीय परिवारमा खान लाउनकै लागि दु:ख थिएन । राजनीतिक चेत भएको परिवारमा पढ्का लागि पनि सहजै भयो । उनी स्थानीय पहरियाको राष्ट्रिय माध्यमिक विद्यालयमा पढ्न थालिन् । त्यहीँबाट उनले राजनीतिमा औपचारिक प्रवेश गरिन् । माध्यमिक विद्यालयमै लक्ष्मी अनेरास्ववियुको स्कुल कमिटी सचिव भइन् । नेपाली राजनीतिमा उनको करियर त्यहीँबाट शुरु भयो ।

१० वर्षको उमेरदेखि बहुदल निर्दल सुन्दै आएकी लक्ष्मी बुढा घर-परिवार सँगै बहुदलको पक्षमा उभिइन् । राजनीतिको कखरा नै नबुझेकी लक्ष्मी त्यतिबेला केही नबुझीकनै बहुदलको पक्षमा नारा लाउन थालिन् । त्यसको एउटै कारण थियो, कम्युनिष्ट पृष्ठभूमिका उनका बुबा दामोदर भण्डारी । त्यतिथबेला भण्डारी बहुदल पक्षधर थिए । निर्दलीयताको धुरन्धर बिरोधि थिए । 'त्यति बेला बहुदलको आन्दोलन थियो, बहुदल भनेर कराइयो, बुबा कम्युनिष्ट हुनुहुन्थ्यो, बहुदलको पक्षमा हुनुहुन्थ्यो । त्यसैले बहुदलको पक्षमा जानी नजानी लागेँ ।' उनी सम्झिन्छिन् ।

देशमा पन्चायत बिरुद्धका गतिबिधि उग्र बनिरहेका थिए । कन्चनपूरको कृष्णपुर पहरियामा २०३७ मा जन्मिइन् लक्ष्मी । सामान्य मध्यम वर्गीय परिवारमा खान लाउनकै लागि दु:ख थिएन । राजनीतिक चेत भएको परिवारमा पढ्का लागि पनि सहजै भयो । उनी स्थानीय पहरियाको राष्ट्रिय माध्यमिक विद्यालयमा पढ्न थालिन् । त्यहीबाट उनले राजनीतिकमा औपचारिक प्रवेश गरिन् । माध्यमिक विद्यालयमै लक्ष्मी अनेरास्ववियुको स्कुल कमिटी सचिव भइन् । नेपाली राजनीतिमा उनको करियर त्यहीँबाट सुरु भयो ।

त्यसपछि पार्टी सदस्यता लिएर सक्रिय राजनीतिमा लागेकी हुन् । लक्ष्मीका बुवा दामोदर भण्डारी २०४९ सालको स्थानीय निकाय निर्वाचनमा तत्कालिन कृष्णपुर गाविसको वडा नं.१ को अध्यक्षका लागि चुनाव लडेका थिए । त्यसको पाँच वर्षपछि २०५४ को स्थानीय निर्वाचनमा उनकी आमा द्रोपती भण्डारी पनि चुनाव लडिन् ।

विद्यार्थी राजनीतिमा सक्रिय भइसकेकी लक्ष्मीले २०५१ को मध्यावधि निर्वाचनमा पहिलो पटक सूर्यलाई मतदान गरिन् । आमा र बुवाको सक्रिय राजनीतिले लक्ष्मीमा पनि होलटाइम राजनीतिमै लाग्ने दृढ इच्छा जागिसकेको थियो । २०५२ मा लक्ष्मीले घर परिवार सल्लाहमै बिवाह गरिन् । राजनीतिबाटै टाढै बसेको उनको श्रीमानको परिवारले राजनीतिमा सहयोग नगर्ला कि भन्ने संशय लक्ष्मीमा थियो । तर, अवस्था सोचेभन्दा फरक भयो । विवाहले उनको राजनीतिक यात्रा झनै सहज बनाइदियो । परिवारको जिम्मेवारसँगै लक्ष्मीले राजनीतिलाई निरन्तर अघि बढाइन् । अहिले लक्ष्मीका एक छोरा एक छोरी छन् ।

राजनीतिसँगै सामाजिक कार्यमा पनि रहेकी लक्ष्मीले २०५७ देखि २०७० सम्म स्वयम् सेविका भएर सेवा पनि गरेकी छिन् । २०६२/०६३ को जनआन्दोलनमा सक्रिय रहेकी लक्ष्मीले सामुदायिक वन, महिला स्वास्थ्य स्वयम् सेविका समिति लगायतका सामाजिक संस्थामा नेतृत्व पनि गरेकी छन् । यही २०८० को चैत पहिलो साता सम्पन्न एमाले कन्चनपूर नवौं अधिवेशनबाट निर्विरोध अध्यक्ष बनेकी छिन् । जिल्ला पदाधिकारीमा उनीसहित पाँच जना छन् । अहिले उनको राजनीतिक उचाइ चुलिएको छ ।

आफ्नो राजनीतिक उचाइ जति माथि जान्छ त्यति नै उनी आफ्ना आमा बुवाप्रति नतमस्तक हुन्छिन् । भन्छिन्, 'मेरो आमा बुवाको प्रेरणाबिना यो कहाँ सम्भव थियो र ? मलाई होस हुने बेला घर परिवारभित्र राजनीतिक सक्रियता देखेँ । म पनि यही गर्छु भन्ने लाग्यो ।'



पितृसत्ता हावी रहेको नेपाली समाजमा महिलालाई सजिलो भने नभएको उनको बुझाइ छ । 'महिलालाई पुरुषको तुलनामा राजनीति गर्न त समस्या छ । कार्यकर्तासित जोडिनु पर्छ, संगठनसित जोडिनु पर्छ । कसैसित बोल्दा हिड्दा पनि लान्छना लागि हाल्छ । त्यसको वास्ता नगरी मिसनमा हिडिरहनु पर्छ । यसरी अठोट लियो भने असम्भव भने छैन ।'

राजनीतिमा सक्रिय भएपछि आफूसित धेरै भोगाइ भएको र महिला भएका कारण समाजमा बिभिन्न लान्छना लाग्ने गरेको उनले बताइन् । 'अहिले पनि सोचे जस्तो अवस्था त छैन, त्यो बेला त झन कस्तो होला, महिलालाई त गाह्रो नै हुन्छ' उनी भन्छिन

एमाले कन्चनपुरको नवौं अधिवेशनमा आफू अन्तिमसम्म सर्वसम्मतको पक्षमा भएको लक्ष्मीको भनाइ छ । एमालेका केन्द्रीय नेतालाई उनले आफू भन्दा परिपक्व नेतालाई नेतृत्व दिए आफूलाई स्वीकार हुने सन्देश पठाएको बताउँछिन् ।

एमाले कन्चनपुरलाई एक ढिक्का बनाएर अघि बढ्ने प्रमुख कार्यभार बनाएर अघि बढ्ने अध्यक्ष लक्ष्मी बताउँछिन् । 'पार्टीलाई एक ढिक्का बनाउने मेरो पहिलो प्राथमिकता हो, सबै नेता कार्यकर्ताको भावना अनुसार पार्टीलाई एक ढिक्का बनाएर बलियो बनाउंछु' उनले भनिन्,'त्यसका लागि संगठन बिस्तार, पार्टी प्रशिक्षण, सदस्यता बिस्तार, जनतासित पार्टीको पहुंच बढाउने लगायतका कार्य योजना बनाएर अघि बढ्छौं ।'

एमालेको मिसन ८४ लाई सफल पार्ने लक्ष्य प्राथमिकतामा राखेर जिल्ला कमिटी अघि बढ्ने उनको भनाइ छ । उनले एमालेमा सर्वसम्मतपछि गुट उप गुट केही नभएको दावी गरिन् । 'अब गुट उप गुट केही रहने छैनन्, एमाले अब ढिक्का भएर अघि बढ्छ' उनी भन्छिन् ।

नयाँ वर्ष २०८१ को
हार्दिक शुभकामना
नयाँ वर्ष २०८१ को उपलक्ष्यमा सम्पूर्ण स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
दिनेश राई
प्रबन्ध निर्देशक
तथा
डाईमन्ड स्टार ओभरसिज प्रा. लि.
परिवार
बुद्धनगर-१०, काठमाडौं, फोन: ४७९६६८०

हार्दिक शुभकामना
बसन्त ऋतुको आगमनसँगै नवीन उल्लास एवम् आशा लिएर आउने
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुमा
सुख, शान्ति, सुस्वास्थ्य, दिर्घायु एवम् समृद्धिको
हार्दिक शुभकामना
व्यक्त गर्दछौं ।
रुपेन्द्र श्रेष्ठ
प्रबन्ध निर्देशक
SHR
सपोर्ट ह्युमन रिसोर्सेज प्रा.लि.
परिवार
सिनामंगल, काठमाडौं, नेपाल, फोन: ४११११२६

शुभ रहोस्
नयाँ वर्ष २०८१
नयाँ वर्ष २०८१ को
उपलक्ष्यमा सम्पूर्ण वैदेशिक रोजगार व्यवसायीका
साथै स्वदेश तथा विदेशमा रहनु हुने सम्पूर्ण
नेपालीहरुमा सुख, शान्ति सुस्वास्थ्य,
दीर्घायू एवम् समृद्धिको
शुभकामना व्यक्त गर्दछौं ।
केदारनाथ अधिकारी
प्रबन्ध निर्देशक
तथा
EMPOWER HUNTR HR SOLUTION PVT. LTD
Sinamangal-9 (Opposite Hope Hospital), Kathmandu, Nepal
Tel no 014588265, Email : empowerhr1150@gmail.com

HAPPY NEW YEAR
2081
Happy New Year from all of us at
VILLA SEVENTY TWO PVT. LTD.!
We're excited to see what kind of work we'll achieve together this year! We're so grateful for all our customers! Thank you for all you've done to help us grow this year.
VILLA72
VILLA SEVENTY TWO PVT. LTD.
Uttardokha Marg, Lazimpat, Kathmandu, Nepal
Tel.: 977 1 4001133, Email: Villa72restaurant@gmail.com

# युरोपमा नेपाल चिनाउने रजनी



कृष्ण अधिकारी

लामो समयदेखि युरोपेली बजारमा नेपाली खाद्यान्नदेखि दैनिक अन्य उपभोग्य वस्तु पुऱ्याएर नेपाल र नेपाली चिनाउने काम गरेकाले यो दम्पतीलाई नेपालको व्यापारिक दूतको रुपमा लिन सकिन्छ । बसोबास बेल्जियमको राजधानी ब्रसेल्समा भएपनि उनीहरु अधिकांश समय युरोपका विभिन्न देशमा नेपालमा निर्मित खाद्यान्न, लत्ताकपडादेखि अन्य उपभोग्य वस्तुहरु बिक्री वितरणमा पुग्ने गर्छन् ।

झण्डै तीन दशकअगाडि बेल्जियम पुगेकी रजनी प्रधान अहिले त्यहाँको रैथानेजस्तै भइसकेकी छन् । युरोपका अधिकांश देशका नागरिकका बीचमा निकै लोकप्रिय छिन् उनी । काठमाडौंमा जन्मे, हुर्केर युरोपलाई कर्मथलो बनाएकी उनी नेपाल र नेपालीको पहिचानका लागि समर्पित रहँदै आएकी छन् । सन् १९९१ मा अध्ययनको सिलसिलामा बेल्जियम गएका श्रीमान रवीन्द्रमान श्रेष्ठसँगै गएकी उनले बेल्जियममा रहेर पनि अधिकांश समय नेपालको संस्कृति, धर्म, कला, नेपाली खाना, भाषा, पर्यटन प्रवर्द्धनका लागि समय खर्चिरहेकी छन् ।

लामो समयदेखि युरोपेली बजारमा नेपाली खाद्यान्नदेखि दैनिक अन्य उपभोग्य वस्तु पुऱ्याएर नेपाल र नेपाली चिनाउने काम गरेकाले यो दम्पत्तीलाई नेपालको व्यापारिक दूतको रुपमा लिन सकिन्छ । बसोबास बेल्जियमको राजधानी ब्रसेल्समा भएपनि उनीहरु अधिकांश समय युरोपका विभिन्न देशमा नेपालमा निर्मित खाद्यान्न, लत्ताकपडादेखि अन्य उपभोग्य वस्तुहरु बिक्री वितरणमा पुग्ने गर्छन् । बेल्जियम पुग्ने जो कोही नेपालीलाई हार्दिकताका साथ स्वागत गर्ने कारणले पनि उनीहरु धेरैको लोकप्रिय बनेका छन् ।

शुरुमा उनीहरुले नेपालमा बन्ने कार्पेट, पस्मिना, ज्वेलरी र हस्तकलाका सामानको व्यवसाय गरे । त्यतिबेला युरोपमा नेपालका यस्ता सामानहरुको धेरै ठूलो माग थियो । रजनी भन्छिन्, 'पछि भारत, थाइल्याण्ड, बंगलादेशजस्ता देशबाट यस्तै प्रकारका नक्कली र मेसिनले बन्ने सामानहरू आउन थालेपछि हामीले प्रतिस्पर्धा गर्न सकेनौं । हातबाट बन्ने हाम्रा उत्पादनहरू महँगो हुने भएकाले नेपाली सामानको माग बिस्तारै घट्दै गएपछि नेपालमा उत्पादन हुने चाउचाउ, मदिरा, चिउराजस्ता खाद्यवस्तु मगाएर व्यापार गर्न थाल्यौं । अहिले पनि हामी यहाँ यही व्यवसाय गरिरहेका छौं ।'

युरोपका विभिन्न देशमा नेपालमा उत्पादन हुने खाद्यवस्तु कतै नदेखेपछि उनीहरुले सन् २००६ मा पहिलोपटक बेल्जियममा वाईवाई चाउचाउ ल्याएर बेच्न थाले । 'यससँगै पेय पदार्थसहित फापरदेखि मसलासम्मका वस्तु नेपालबाट आयात गरेर युरोपका धेरै देशमा वितरण गर्न थाल्यौं । नेपालबाट चाउचाउहरू मगाएर बेचेपछि नै युरोपमा पनि चाउचाउ खाने चलन शुरू भएको भन्दा हुन्छ । आफ्नो देशको उत्पादन यहाँ ल्याएर बिक्री गरी प्रवर्द्धन गर्न पाउँदा अत्यन्तै आत्मसन्तुष्टि मिल्दो रहेछ । आफ्नो देशको उत्पादनका लागि कसरी विश्वव्यापी बजार व्यवस्थापन र वितरण गर्न सकिन्छ, त्यसका लागि के-कसरी सकारात्मक भूमिका खेल्न सक्छौं, बहस चलाउन आवश्यक भएको तर्कसहित वैकल्पिक बजार सम्भाव्यताका लागि गम्भीर हुनैपर्छ,' रजनी भन्छिन् ।

### टेस्ट ट्युबबाट तीन सन्तान

टेस्ट ट्युबबाट तीन सन्तान जन्माउने नेपालीको कीर्तिमान राख्ने पनि आफूहरू नै भएको बताउँछन् यी दम्पती । टेस्ट ट्युबबाट सन् १९९४ मा उनीहरूको पहिलो सन्तान जन्मिएको थियो । अहिले ३० वर्ष पुगिसकेका पहिलो सुपुत्र आदित्यमान श्रेष्ठ टेस्ट ट्युबबाट विदेशमा जन्मिएका पहिलो नेपाली हुन् भन्ने यी दम्पतीको दाबी छ । पछि छोरीको चाहनाले आफूसँग बाँकी रहेको एउटा अण्डालाई टेस्ट ट्युबमार्फत जन्माउन चाहे पनि जुम्ल्याहा छोरा जन्मेको बताउँछिन् रजनी ।

### एनआरएन अभियान

युरोपमा छरिएर बसेका नेपालीलाई संगठित गरी आफ्नै देशका लागि केही गर्न पाए हुन्थ्यो भन्ने सोच रजनीलाई आइरहन्थ्यो । उनी भन्छिन्, 'यही बीचमा एनआरएनको धारणा आयो । आफ्नो सोचसँग एनआरएनको उद्देश्य मिल्न गएकाले हामी दम्पती नै यसलाई संगठित गर्नेतिर लाग्यौं ।' यहाँ बसोबास गरिरहेका नेपालीले पनि हौसला दिएपछि उनका श्रीमान नै एनआरएन बेल्जियमको संस्थापक अध्यक्ष बने । सन् २००४ मा यहाँ एनआरएनको स्थापना गरेपछि पोर्चुगल, इटली, स्पेन, लक्जेमबर्गजस्ता युरोपका अन्य मुलुकमा पनि गएर एनआरएन स्थापना गर्न सहयोग गरेको उनी बताउँछिन् । उनले सन् २०१३ र २०१५ गरी दुई पटक गैरआवासीय अन्तर्राष्ट्रिय महिलाको सफलतापूर्वक सहसंयोजक र एक पटक संयोजकको जिम्मेवारी निर्वाह गरिसकेकी छन् । हाल उनी विश्वभर छरिएका एनआरएन महिलाहरूको फोरम गठन गरी 'एक नेपाली एक युरो'को नारा दिएर गरिब नेपाली महिलालाई सीपमूलक तालिम दिने प्रोजेक्टका लागि सहयोग जुटाउनमा व्यस्त छिन् । 'विदेशमा बसेपछि नेपालको माया झनै हुँदो रहेछ । कसरी विदेशी पैसा नेपाल भित्र्याउन सकिन्छ र नेपाल समृद्ध हुन सक्छ भन्ने कुराले चिन्तित बनाउने गर्दछ,' उनी भन्छिन्, 'मलाई लाग्छ, अहिलेसम्म एनआरएनको अर्बौं रुपैयाँ नेपालमा लगानी भइसकेको छ ।'

### सामाजिक सेवामा समर्पित

उनी भन्छिन्, 'मैले लामो समयसम्म एनआरएनअन्तर्गत गैरआवासीय अन्तर्राष्ट्रिय महिला विभागको सह-संयोजक भएर काम गरिरहेकी छु । यस संस्थामार्फत नेपालका सुदूरपश्चिमका विकट ठाउँहरू डोटी, कैलाली, कन्चनपुरमा पुगेर गरिब महिलाको आङ खस्ने रोगको निःशुल्क उपचार गरिसकेका छौं । यसबाट हालसम्म ५ सय महिला लाभान्वित भइसकेका छन् ।' २०७२ सालमा गएको भूकम्पका बेलामा पनि उनले सिन्धुपाल्चोकमा गएर केही लत्ताकपडा वितरण गरेकी थिइन् भने सोलुखुम्बुका ६ सयभन्दा बढी विपन्न महिलालाई खास्टोसहित कपडा वितरण गरेकी थिइन् । सेवा नै धर्म हो भन्ने उनको मूलमन्त्र छ । उनले यस्तै प्रोजेक्टहरुका लागि रकम संकलन गर्ने भनेर युरोपका देशहरूमा एनआरएन महिला फोरम गठन गर्ने र युरोपमा स्थायी बसोबास गरिरहेका नेपालीहरूबाट प्रतिव्यक्ति एक युरो उठाउने अभियान पनि चलाएकी थिइन् ।

अहिले रोजगारीका लागि विदेशमा पुगेका नेपालीले धेरै दुःख झेलिरहेको र कतिपय महिलामाथि यौनशोषण भएका समाचार आइरहेका छन् । सकेसम्म महिलाहरूले विदेशिनु नपरोस् भन्ने नै उनको चाहना रहेको देखिन्छ । उनी भन्छिन् 'सीपमूलक तालिम लिएर स्वदेशमै आयआर्जन गर्न सकुन् भनेर हामीले फेडरेसन अफ विमन इन्टरप्रेनर्स एसोसिएसन अफ नेपाल भन्ने संस्थासँग मिलेर महिलालाई सीपमूलक तालिम प्रदान गरेका छौं ।' पैरवी नेपाल भन्ने संस्थासँग मिलेर पनि यस्तै प्रकृतिका कामहरूलाई अगाडि बढाइरहेको उनले जानकारी दिइन् । उनी बेल्जियममा सनातन धर्म संस्कृतिको संरक्षणमा पनि उत्तिकै क्रियाशील छिन् । उनी मासा पुचःको पूर्वअध्यक्ष तथा वर्ल्ड नेवा अगर्ननाइजेशनको उपाध्यक्ष पनि हुन् ।




## जनहितमा जारी सन्देश

- बलिरहेको चुरोट बिंडिका ठूटा जंगलमा नफालौं, तिनलाई फाल्नु अघि राम्रोसँग निभाऔं ।
- वनभित्र गोल पोल्ने काम पटक्कै नगरौं ।
- गोठाला, घाँस दाउरा गर्ने मानिस तथा स-साना केटाकेटीहरुलाई वनमा सलाई लाईटर लिएर जान नदिऔं । वन जंगल जाँदा लाईटर सलाई जस्ता वस्तुहरु नलैजाऔं । आगोजन्य वस्तु केटाकेटीले नभेट्ने ठाउँमा राखौं ।
- सुख्खा मौसममा मह काढ्ने, बारुला, अरिङ्गाल पोल्ने काम नगरौं ।
- आफ्नो खेतबारीमा झारपात उठाएपछि आगो पूर्ण रुपमा निभाऔं ।
- जानिजानी वनक्षेत्रमा आगो लागेमा लागलागी गराउने व्यक्ति पहिचान गरी कारबाही अगाडि बढाऔं ।
- शिकार तथा नयाँ घाँस पालुवाको लागि वनमा डढेलो नलगाऔं ।
- वनमा आगो लागिरहेको देखेमा नजिकको वन कार्यालयमा, सरक्षा निकाय (प्रहरी चौकी) तथा सबै समुदाय मिलि तत्काले निभाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहहरुले आ-आफ्ना सामुदायिक वनक्षेत्र भित्र रहेका सोतहरु समयमै संकलन गरौं ।
- सामुदायिक वन क्षेत्र भएर जाने बाटो वरपार सँधै सफा राखौं ।

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम बासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

इश्वरी प्रसाद पौडेल
डिभिजन वन अधिकृत

डिभिजन वन कार्यालय, अर्घाखाँची
सन्धिखर्क, नेपाल



## जनहितमा जारी सन्देश

- बलिरहेको चुरोट बिंडिका ठूटा जंगलमा नफालौं, तिनलाई फाल्नु अघि राम्रोसँग निभाऔं ।
- वनभित्र गोल पोल्ने काम पटक्कै नगरौं ।
- गोठाला, घाँस दाउरा गर्ने मानिस तथा स-साना केटाकेटीहरुलाई वनमा सलाई लाईटर लिएर जान नदिऔं । वन जंगल जाँदा लाईटर सलाई जस्ता वस्तुहरु नलैजाऔं । आगोजन्य वस्तु केटाकेटीले नभेट्ने ठाउँमा राखौं ।
- सुख्खा मौसममा मह काढ्ने, बारुला, अरिङ्गाल पोल्ने काम नगरौं ।
- आफ्नो खेतबारीमा झारपात उठाएपछि आगो पूर्ण रुपमा निभाऔं ।
- जानिजानी वनक्षेत्रमा आगो लागेमा लागलागी गराउने व्यक्ति पहिचान गरी कारबाही अगाडि बढाऔं ।
- शिकार तथा नयाँ घाँस पालुवाको लागि वनमा डढेलो नलगाऔं ।
- वनमा आगो लागिरहेको देखेमा नजिकको वन कार्यालयमा, सरक्षा निकाय (प्रहरी चौकी) तथा सबै समुदाय मिलि तत्काले निभाऔं ।
- सामुदायिक वन उपभोक्ता समूहहरुले आ-आफ्ना सामुदायिक वनक्षेत्र भित्र रहेका सोतहरु समयमै संकलन गरौं ।
- सामुदायिक वन क्षेत्र भएर जाने बाटो वरपार सँधै सफा राखौं ।

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम बासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

भोजराज पाठक
कार्यालय प्रमुख

डिभिजन वन कार्यालय, बाजुरा
मार्तडी, नेपाल



## गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- घरको संरचना बलियो बनाऔं,
- छतको गमला सुरक्षित रुपमा राखौं,
- जस्तापातालगायतका वस्तुहरु खुल्ला र जथाभावी रुपमा नछोडौं,
- हावाहुरी चल्न थालेपछि झ्यालढोका बन्द गरौं,
- हावाहुरी चलेमा भागदौड नगरौं, बिस्तारै सुरक्षित स्थानमा जाऔं,
- हावाहुरी चलेको समयमा सवारी साधन रोकेर सुरक्षित स्थानमा बसौं,
- सुरक्षित ओत नभेटे थुचुक्क बसेर दुवै हातले टाउँको छोपी घोप्टो परौं ।

हार्दिक शुभकामना

नव वर्ष २०८१ सालको उपलक्ष्यमा आम गाउँबासी, आमा-बुवा, दाजु-भाइ, दिदीबहिनीहरु, साथै देश विदेशमा रहनु हुने सम्पूर्ण नेपालीहरुको सु-स्वास्थ्य, उन्नति र दीर्घायूको हार्दिक मंगलमय शुभकामना व्यक्त गर्दछौं ।

यदु ज्ञवाली, अध्यक्ष
लक्ष्मण पाण्डे, प्रमुख प्रशासकीय अधिकृत
मीना देवी गौतम, उपाध्यक्ष

रुरुक्षेत्र गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बलेटक्सार, गुल्मी, लुम्बिनी प्रदेश, नेपाल



## गौरीशंकर गाउँपालिकाद्वारा जनहितमा जारी सन्देश

- घरको संरचना बलियो बनाऔं,
